# प्रभाव दैनिक
National Daily

वर्ष १२ | अंक १४९ | काठमाडौं | शुक्रबार, ०३ असोज २०८२ | Prabhab National Daily | Friday, 19 September 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।–



**चाडपर्वको बेला सुरक्षित यात्रा गरौं**

चाडपर्वमा यात्रुको चाप बढ्ने भएकाले,
- सवारीसाधनमा अनावश्यक भिडभाड नगरौं,
- सवारीसाधनमा क्षमताभन्दा बढी यात्रु नबोकौं र नचढौं,
- आवश्यक संख्यामा सवारीसाधन संचालन गरौं,
- सवारीसाधनको छतमा बसेर यात्रा नगरौं,
- सवारीसाधनको नियमित मर्मत तथा परीक्षण गरौं।
- मादकपदार्थरलागुपदार्थ सेवन गरी सवारीसाधन नचलाऔं,

दुर्घटनाबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं !

नेपाल सरकार
विज्ञापन बोर्ड


# अनावश्यक अध्यादेश रोक्न राष्ट्रपतिलाई नागरिक समाजको आग्रह



■ प्रभाव संवाददाता

- चुनावी सरकारले विदेशमा रहेका नेपालीहरूलाई मतदान गर्ने व्यवस्था गर्न अध्यादेश ल्याउने तयारी गरेको छ
- छलफलकै क्रममा राष्ट्रपति पौडेलले जेनजी अगुवाहरूबाट प्रधानमन्त्री बन्न आएको प्रस्तावलाई असफल पारेको बताए
- भदौ २७ गते डिस्कर्डमा जेनजी अगुवाहरूले सुदन गुरुङलाई ९ घण्टासम्म राष्ट्रपतिले भेट नदिएको भन्दै दबाबका लागि आन्दोलन चर्काउन आग्रह गरेका थिए

**काठमाडौं–** राष्ट्रपति रामचन्द्र पौडेललाई नागरिक समाजका अगुवाहरूले अनावश्यक अध्यादेशहरू आउन सक्ने भन्दै त्यसलाई रोक्न आग्रह गरेका छन् । बिहीबार राष्ट्रपति पौडेलसँग देशको पछिल्लो राजनीतिक अवस्थाबारे छलफलका क्रममा नागरिक समाजका अगुवाहरू यस्तो सुझाव दिएका हुन् ।

संविधान जोगाउन राष्ट्रपति पौडेलले खेलेको भूमिकको प्रशंसा गर्दै नागरिक समाजका अगुवाहरूले चुनावी सरकारको मुख्य काम चुनाव गराउनुमात्र भएको सुझाएका थिए । राष्ट्रपति पौडेलसँगको भेटमा आफूहरूले अनावश्यक अध्यादेश आउनबाट रोक्नुपर्ने सुझाव दिएको वरिष्ठ अधिवक्ता टीकाराम भट्टराईले बताए । 'यो सरकारले छ महिनाभित्र चुनाव गर्न जसरी पनि वातावरण बनाउनुपर्छ,' भट्टराईले भने, 'यो अवधिमा अनावश्यक अध्यादेशहरू आउन सक्छन् त्यसमा पनि सचेत रहनका लागि राष्ट्रपतिको ध्यानाकर्षण गराएका छौं ।'


चुनावी सरकारले विदेशमा रहेका नेपालीहरूलाई मतदान गर्ने व्यवस्था गर्न अध्यादेश ल्याउने तयारी गरेको छ । बिहीबार निर्वाचन आयोगका अधिकारीहरूसँग छलफल गर्दै गृहमन्त्री ओमप्रकाश अर्यालले अध्यादेश ल्याउन सकिने संकेत गरेका हुन् । संसद नभएको बेला कुनै व्यवस्था लागू गराउन अध्यादेश ल्याउनुपर्ने हुन्छ । यसका लागि गृहमन्त्री अर्यालले आफूहरू जसरी पनि लागी पर्ने छलफलका क्रममा बताए ।

राष्ट्रपतिसँगको भेटमा नागरिक समाजका अगुवाहरूले तोकिएकै मितिमा चुनाव सम्पन्न गर्नुपर्नेमा जोड दिएका थिए । भेटका क्रममा राष्ट्रपति पौडेल यसमा अब दलहरूले पनि साथ दिनुपर्ने बताएका थिए । छलफलकै क्रममा राष्ट्रपति पौडेलले जेनजी अगुवाहरूबाट प्रधानमन्त्री बन्न आएको प्रस्तावलाई असफल पारेकोसमेत बताए । 'जेनजीहरूलाई प्रधानमन्त्री बनाउन पनि दबाब आएको थियो । त्यो सफल हुन दिइएन,' राष्ट्रपति पौडेलको भनाईलाई उद्धृत गर्दै वरिष्ठ अधिवक्ता भट्टराईले भने । भदौ २७ गते डिस्कर्डमा जेनजी अगुवाहरूले सुदन गुरुङलाई ९ घण्टासम्म राष्ट्रपतिले भेट नदिएको भन्दै दबाबका लागि आन्दोलन चर्काउन आग्रह गरेका थिए ।

क्रमशः पृष्ठ २ मा

# पूर्वप्रधानमन्त्री ओली दश दिनपछि सार्वजनिक

■ जेबी योञ्जन



- जेनजी आन्दोलनले सत्ताच्युत ओली आज पार्टी मुख्यालय च्यासल निरीक्षणमा
- २४ भदौको अपराह्न बालुवाटारबाट सेनाले ओलीको उद्धार गरेको थियो
- ओली–शाक्य दम्पती नेपाली सेनाको महाराजगञ्ज युद्ध भैरब ब्यारेकमा राखिएको थियो
- ओली आज जेनजी प्रदर्शनकारीले ध्वस्त बनाएको पार्टी मुख्यालय जाँदै

**काठमाडौं–** जेनजी आन्दोलनमा भएको दमनले हिंसा भड्किँदा राजीनामा दिएर नेपाली सेनाको ब्यारेकमा शरण लिन पुगेका पूर्वप्रधानमन्त्री केपी शर्मा ओली १०औं दिनमा सार्वजनिक भएका छन् । उनलाई बिहीबार एमाले नेताकार्यकर्ताले स्वागत गरे ।

आन्दोलनकारीले २४ भदौको अपराह्नतिर प्रधानमन्त्रीको सरकारी निवास बालुवाटार घेरेपछि बढ्दो असुरक्षाका कारण उनले प्रधानमन्त्रीबाट राजीनामा दिए । लगत्तै नेपाली सेनाको हेलिकोप्टरमार्फत् उनको उद्धार भयो ।

यसबीचमा पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीको नेतृत्वमा गैरदलीय अन्तरिम सरकार गठन भएको छ । कार्की नेतृत्वका सरकारको सिफारिसमा प्रतिनिधिसभा विघटन भएको छ । आगामी २१ फागुनमा चुनाव हुने भएको छ । विकसित यिनै राजनीतिक घटनाक्रमसँगै देशमा शान्ति बहाली भएको छ । यस्तो अवस्थामा पूर्वप्रधानमन्त्री ओली सार्वजनिक भएका हुन् । उनीभन्दा दुई दिनअघि पूर्वप्रधानमन्त्रीहरू पुष्पकमल दाहाल, माधवकुमार नेपाल, झलनाथ खनाल सेनाको ब्यारेकबाट निस्किएका थिए ।

एमाले सचिव पद्म अर्यालका अनुसार ओली आज जेनजी प्रदर्शनकारीले ध्वस्त बनाएको पार्टी मुख्यालय जाँदैछन् । त्यहाँ बिहान ८ बजे पार्टीले संविधान दिवस कार्यक्रम आयोजना गर्दैछ । कार्यक्रमलाई ओलीले सम्बोधन गर्ने छन् ।

'पूर्वप्रधानमन्त्री तथा हाम्रो पार्टीका अध्यक्ष केपी शर्मा ओली सेनाको ब्यारेकबाट निस्किनुभएको छ । उहाँले आज पार्टी कार्यालयको निरीक्षण गर्नुहुन्छ र संविधान दिवसको अवसरमा आयोजना गर्ने कार्यक्रमलाई सम्बोधन गर्नुहुन्छ', अर्यालले भनिन् ।



> पूर्वप्रधानमन्त्री तथा हाम्रो पार्टीका अध्यक्ष केपी शर्मा ओली सेनाको ब्यारेकबाट निस्किनुभएको छ । उहाँले आज पार्टी कार्यालयको निरीक्षण गर्नुहुन्छ र संविधान दिवसको अवसरमा आयोजना गर्ने कार्यक्रमलाई सम्बोधन गर्नुहुन्छ
>
> **पद्म अर्याल**
> **सचिव, नेकपा एमाले**

२३ भदौमा घातक बल प्रयोग गरेर जेनजी आन्दोलनलाई दबाउन खोजेको गम्भीर आरोप ओलीमाथि छ । त्यसदिन काठमाडौंमा १७ जना र इटहरीमा दुई जना गरी १९ जना जेनजी प्रदर्शनकारीको प्रहरीले चलाएको गोली लागेर मृत्यु भयो । ३ सय ४७ जना घाइते भए । निहत्था युवा विद्यार्थीमाथि गोली बर्साएर बर्बर दमन गरेको भन्दै २४ भदौमा ओलीको आलोचना मात्रै भएन, देशव्यापी ठूलो प्रदर्शन भयो । हिंसात्मक बनेको प्रदर्शन नियन्त्रणबाहिर गयो । त्यसपछि प्रधानमन्त्रीबाट राजीनामा दिएर ओली ज्यान जोगाउन सेनाको शरणमा पुगे । उनको साथमा श्रीमती राधिका शाक्य पनि थिइन् । उनीहरू दुवै जना १० औं दिनमा सेनाको ब्यारेकबाट निस्किएका हुन् । भनिन्छ, ओली–शाक्य दम्पती नेपाली सेनाको महाराजगञ्ज युद्ध भैरब ब्यारेकमा थिए । ब्यारेकबाट निस्किएपछि उनीहरूका लागि भक्तपुरको सूर्यविनायक नगरपालिकाको गुन्डुमा बसोबासको चाँजोपाँजो मिलाइएको छ, यो एमालेकै पोलिटब्युरो सदस्य महेश बस्नेतको गाउँ हो ।

बस्नेतका अनुसार दसौं हजार कार्यकर्तामाझ ओली आज पार्टी कार्यालयमा सार्वजनिक हुँदैछन् । ओलीविरुद्ध भने कर्तव्य ज्यानसम्बन्धी कसुरमा यसअघि नै जाहेरी परेको छ । जाहेरीका आधारमा प्रहरीले पक्राउ गर्न सक्ने सम्भावना छ । यस्तो अवस्थामा ओलीलाई बस्नेतको अगुवाइमा पार्टी कार्यालयमा सार्वजनिक गर्न लागिएको हो ।

ओली ती नेता हुन्, जसले जेन–जी आन्दोलनको २७ घण्टामै घुँडा टेके । राजनीतिक इतिहासका जानकारहरूका अनुसार यति छोटो अवधिमा प्रधानमन्त्रीले घुँडा टेकेको नेपालको राजनीतिक इतिहासमा पहिलोपटक हो । ज्यान जोगाउन प्रधानमन्त्रीबाट राजीनामा दिएर सेनाको शरणमा पुग्ने पनि ओली नै पहिलो नेता हो ।

ओली गत वर्षको ३१ असारमा कांग्रेसको समर्थनमा प्रधानमन्त्री नियुक्त भएका थिए । प्रधानमन्त्री भएको १५औं महिनामा राजनीतिमा खासै चासो नराख्ने जेनजी पुस्ताले उनको सत्ता पल्टाइदियो । यो पुस्ताले १९ भदौमा ओली सरकारले सूचीकृत नभएका २६ वटा सामाजिक सञ्जाल सञ्चालनमा रोक लगाउन गरेको निर्णयलाई अप्रिय ठान्यो । त्यहीबेला उनीहरूले नेपोबेबी अभियान चलाए, जहाँ उनीहरूले नेताका छोराछोरीको विलासितापूर्ण जीवन जिउन मिल्नेगरिको आर्थिक स्रोत के हो भन्दै प्रश्न उठाए ।

क्रमशः पृष्ठ २ मा

**सन्दर्भः वैदेशिक रोजगार**

# साउनमा भित्रियो पौने दुई खर्ब रेमिट्यान्स

- अघिल्लो वर्षको साउन महिनाको तुलनामा यस वर्षको साउनमा ४० अर्ब ८१ करोड बढी रेमिट्यान्स भित्रिएको छ
- समीक्षा अवधिमा वैदेशिक रोजगारीमा ६८ हजार ११० जना गएका थिए । जसमा संस्थागत र व्यक्तिगत माध्यमबाट ४४ हजार ४६६ जनाले श्रम स्वीकृति लिएका थिए भने २३ हजार ६४४ जनाले पुनः श्रम स्वीकृति लिएको तथ्याङ्क छ
- बैंकिङ च्यानलबाहेक हुन्डी तथा अन्य अवैधानिक च्यानलबाटसमेत रकम भित्रिने गरेको छ

■ ममता थापा



तस्बिर : एआईद्वारा तयार पारिएको

**काठमाडौं–** चालु आर्थिक वर्ष २०८२/८३को पहिलो महिनामा एक खर्ब ७७ अर्बभन्दा बढी विप्रेषण (रेमिटचान्स) मुलुक भित्रिएको छ । नेपाल राष्ट्र बैंकले हालै सार्वजनिक गरेको देशको वर्तमान आर्थिक तथा वित्तिय स्थितिका अनुसार गत साउन महिनामा एक खर्ब ७७ अर्ब ४१ करोड रेमिटचान्सबाट प्राप्त भएको हो ।

राष्ट्र बैंकको उक्त प्रतिवेदनका अनुसार साउनमा विप्रेषण आप्रवाह २९.९ प्रतिशले वृद्धि भएको छ । अघिल्लो आर्थिक वर्ष २०८१/८२को सोही अवधिमा यस्तो आप्रवाह १७.७ प्रतिशले वृद्धि भइ एक खर्ब ३६ अर्ब ६० करोड रहेको थियो । अघिल्लो वर्षको साउन महिनाको तुलनामा यस वर्षको साउनमा ४० अर्ब ८१ करोड बढी रेमिटचान्स भित्रिएको छ ।

प्रतिवेदनमा उल्लेख भएअनुसार समीक्षा अवधिमा अमेरिकी डलरमा विप्रेषण आप्रवाह २०.० प्रतिशले वृद्धि भइ एक अर्ब २७ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो आप्रवाह १५.८ प्रतिशतले बृद्धि भइ एक अर्ब दुई करोड डलर पुगेको थियो ।

यस अवधिमा खुद द्वितिय आय अर्थात खुद ट्रान्सफर एक खर्ब ९३ अर्ब ८५ करोड पुगेको जनाइएको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो आय एक खर्ब ४८ अर्ब आठ करोड रहेको जनाइएको छ ।

समीक्षा अवधिमा वैदेशिक रोजगारीमा ६८ हजार ११० जना गएका थिए । जसमा संस्थागत र व्यक्तिगत माध्यमबाट ४४ हजार ४६६ जनाले श्रम स्वीकृति लिएका थिए भने २३ हजार ६४४ जनाले पुनः श्रम स्वीकृति लिएको तथ्याङ्क छ ।

अघिल्लो आर्थिक वर्षमा ५९ हजार ५७५ जना रोजगारीमा विदेश गएका थिए । जसमा व्यक्तिगत र संस्थागत माध्यमबाट ३६ हजार ९२८ जना गएका थिए भने श्रम स्वीकृति नवीकरण गरेर २२ हजार ६४७ जना गएका थिए । अघिल्लो वर्षको साउनको तुलनामा यस आर्थिक वर्षको साउनमा आठ हजार पाँच सय ३५ जना बढी रोजगारीमा गएका छन् ।

पछिल्लो समय वैदेशिक रोजगारीमा जानेहरूको संख्या बढेसँगै मुलुकमा भित्रने रेमिटचान्स पनि बढेको छ । विगतका आर्थिक वर्षका साउन महिनाको तथ्याङ्कले पनि रेमिटचान्स भित्रने क्रम बढेको देखाउँछ । आर्थिक वर्ष २०७७/७८को साउनमा ९२ अर्ब ७१ करोड रेमिटचान्स आएको थियो । त्यस्तै, २०७८/७९को साउन महिनामा ७५ अर्ब ९६ करोड, २०७९/८०मा ९२ अर्ब २१ करोड, २०८०/८१मा एक खर्ब १६ अर्ब दुई करोड र २०८१/८२मा एक खर्ब ३६ अर्ब ९३ करोड रेमिटचान्स आएको थियो ।

उक्त पाँच आर्थिक वर्षको तथ्याङ्क हेर्दा आर्थिक वर्ष २०८०/८१को साउनबाट मुलुक भित्रने रेमिटचान्स एक अर्ब नाघेको देखिएको छ । विगतका आर्थिक वर्षको पहिलो महिनाको तुलनामा यस आर्थिक वर्षको साउनमा भित्रिएको रेमिटचान्स सबैभन्दा बढी हो ।

क्रमशः पृष्ठ २ मा




# रौतहटका प्रमुख प्रशासकीय अधिकृतहरू सुशासनमा प्रतिबद्ध

■ आरएन पटेल

**रौतहट**– रौतहटको स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतहरूको समन्वय बैठक सम्पन्न भएको छ । प्रमुख जिल्ला अधिकारी बिनोदकुमार खड्काको अध्यक्षतामा रौतहट सम्पनन बैठकमा सुशासन, पारदर्शिता, भ्रष्टाचार नियन्त्रण तथा आर्थिक सुनिश्चितता कायम गर्न आवश्यक विषयमा विस्तृत छलफल गरी ठोस निर्णयहरू पारित गरिएको छ ।

बैठकले 'सुशासनमा हाम्रो प्रतिवद्धता, भ्रष्टाचार विरुद्ध हाम्रो कटिबद्धता' भन्ने नाराका साथ अघि बढाइएको अभियानलाई थप प्रभावकारी बनाउँदै कार्यान्वयन गर्ने निर्णय गरेको छ । यसैक्रममा जिल्लाभरका सरकारी कार्यालय, शिक्षा, स्वास्थ्य, योजना, कृषि, भौतिक पूर्वाधार, उद्योग, वाणिज्य तथा अन्य शाखामा हुने गतिविधिलाई पारदर्शी बनाउन विशेष जोड दिने उल्लेख गरिएको छ ।

बैठकले सार्वजनिक सेवामा अनियमितता रोक्ने, अनावश्यक खर्च कटौती गर्ने र आर्थिक सुनिश्चितता कायम गर्ने प्रतिबद्धता व्यक्त गरिएको छ । त्यसैगरी सरकारी तथा सार्वजनिक साधन सामग्रीको व्यक्तिगत प्रयोगमा पूर्ण रोक लगाइने र उल्लंघन गर्ने अधिकारी वा कर्मचारीलाई कारबाही गर्ने व्यवस्था मिलाइने निर्णय गरेको छ ।

हरेक कार्यालयले मासिक आम्दानी-खर्च विवरण तयार गरी समयमै वेबसाइटमार्फत सार्वजनिक गर्ने, योजनाको कार्यान्वयनमा गुणस्तर, समयबद्धता र पारदर्शितालाई प्राथमिकता दिने, प्रत्येक निकायले तीन/तीन महिनामा सार्वजनिक प्रकटीकरण गर्ने योजनाको गुणस्तरीय कार्यान्वयन, जनताप्रति उत्तरदायित्व र सेवाप्रवाहलाई अझ सहज, पारदर्शी र प्रभावकारी बनाउने उद्देश्यले सबै स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतहरूले सामूहिक रूपमा प्रतिवद्धता बैठकमा जनाइएको छ ।

पृष्ठ १ बाट क्रमशः

## पूर्वप्रधानमन्त्री...

भ्रष्टाचार अन्त्यको माग गरे । अन्ततः २३ भदौमा उनीहरू हजारौंको सङ्ख्यामा सडकमा आए । जबकि, ओली सरकारले उनीहरूको आन्दोलनलाई नजरअन्दाज गऱ्यो । तर, त्यही आन्दोलनले ओलीलाई सत्ताच्युत मात्रै गरेन, राजनीतिको किरानामा पुऱ्याइदियो । दोस्रोपटक गैरदलीय सरकार बन्ने स्थिति आयो । यो स्थिति निम्तिनुमा ओलीकै अहंकार र दम्भले काम गरेको टिप्पणी गर्छन् । उनी जेन-जीलाई बेलैमा सुन्न तयार भएको भए देश खरानी नहुने बताइन्छ ।

■■■

## अनाश्यक...

सोही क्रममा डिस्कर्डमा जेनजी युवाहरूले राष्ट्रपति पौडेल कांग्रेस नेता भएकोले उनको कुनै पनि प्रस्ताव स्विकार गर्न नहुने बताएका थिए । उक्त सूचना हामी नेपाल नामक संस्थाको इन्स्टाग्राम एकाउन्टबाटसमेत सर्कुलर गरिएको थियो ।

यद्यपि सोही साँझ राष्ट्रपति पौडेलले पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीलाई प्रधानमन्त्री बनाउने गरी सहमति गरेका थिए । आफूले कठिन परिस्थितिको सामना गरेर निकास निकालेको उल्लेख गर्दै पौडेलले अब दलहरूले पनि यसलाई सघाउनुपर्ने बताए । योसँगै नागरिक समाजका अगुवाहरूले राष्ट्रपति पौडेललाई विभिन्न ४ बुँदे सुझाव दिएका छन् । 'प्रधानमन्त्रीको सिफारिसमा प्रतिनिधि सभा विघटन गरिनु संविधानसम्मत नभएको र यो कदमले अन्तरिम सरकार र दलहरूबीच दूरी बढाएको मात्र होइन, संविधानको रक्षामा उभिएका पेसागत संघसंस्थाहरूको आस्थामा पनि आघात पुगेको छ भन्ने हाम्रो मान्यता छ । जे जस्तो परिस्थितिमा पनि चुनावको मितिसमेत निर्धारित भइसकेको अवस्थामा संविधानका केही धारामा लागेको यो ग्रहण अस्थायी होस् भन्ने हामो चाहना र कामना छ,' नागरिक समाजको सुझावमा भनिएको छ ।

राजनीतिक दल, जेनजी आन्दोलनकारी र नागरिक समाज सबैले चुनाव सम्पन्न गर्न सहयोग गर्दै संवैधानिक व्यवस्थालाई यथावत रूपमा क्रियाशील गराउन भूमिका खेल्न राष्ट्रपतिलाई नागरिक समाजले आग्रह गरेको छ । 'आन्दोलनकारीको मागअनुसार प्रधानमन्त्री सुशीला कार्कीको नेतृत्वमा गठन भएको अन्तरिम सरकारले राजनीतिक दलहरूको समेत विश्वास जुटाउँदै तोकिएको समयमा लोकतान्त्रिक मूल्य-मान्यताअनुसार स्वतन्त्र र निस्पक्ष निर्वाचन गराउनु वर्तमान सरकारको प्रमुख कार्यभार हुनुपर्दछ,' सुझावमा भनिएको छ ।

आपसी समझदारी बढाउन र विश्वासको वातावरण बनाउनमा राष्ट्रपतिको भूमिका महत्वपूर्ण हुने पनि सुझावमा उल्लेख छ । 'राजनीतिक दलहरूलाई यो सत्य आत्मसात् गर्दै शान्तिपूर्ण राजनीतिक संक्रमणमार्फत् लोकतन्त्रलाई सुदृढ गर्न र युवाहरूका न्यायोचित आकांक्षाहरू पूरा गर्न संवेदनशील हुँदै प्रतिनिधि सभाको चुनाव सफल बनाउन अनुरोध गर्दछौं,' नागरिक समाजको सुझाव छ ।

राष्ट्रपति भेट्न नागरिक अगुवाहरू महेशकुमार मास्के, मल्ल के. सुन्दर, परशुराम तामाङ, रत्नसंसार श्रेष्ठ, कुन्दन अर्याल, जगत देउजा, टीकाराम भट्टराई, कनकमणि दिक्षित, चण्डेश्वर श्रेष्ठ, राजेन्द्र महर्जन, गीता त्रिपाठी, बिन्दु शर्मा, शरद वन्त, सुशील प्याकुरेललगायत १४ जना शितल निवास पुगेका थिए ।

■■■

## साउनमा...

राष्ट्र बैंकले उल्लेख गरेको कूल रेमिटचान्स रकममा वैदेशिक रोजगारीमा गएका नेपालीले वैधानिक रूपमा पठाएको रकममात्र समेटिएको छ । बैंकिङ च्यानलबाहेक हुन्डी तथा अन्य अवैधानिक च्यानलबाटसमेत रकम भित्रिने गरेको छ । त्यस्तो रकम राष्ट्र बैंकको प्रतिवेदनमा समेटिएको हुँदैन । नेपाल सरकारका पछिल्ला अध्ययनहरूका अनुसार अझै पनि यसवापतको ठूलो रकम अवैधानिक माध्यमबाट आउने गरेको छ । कुन मुलुकबाट कति रकम वैधनिक माध्यमबाट आउँछ भन्ने विवरण राख्न कठिन हुन थालेको राष्ट्र बैंकका अधिकारीहरू बताउँछन् ।

मुलुकको अर्थतन्त्रको एक तिहाइ हिस्सा रेमिटचान्सले ओगटेको सरकारी तथ्याङ्क छ । जसले मुलुकको अर्थतन्त्रमा ठूलो योगदान पुऱ्याउँदै आएको छ । यद्यपि यसबाट आएको रकम उत्पादनमुलक क्षेत्रमा लगानी हुन नसकेको विज्ञको चिन्ता छ ।


### कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मितिः २०८२/०६/०३**

**टिसा एग्रो फार्म प्रा.लि.**को मिति २०८२/०५/०८ गते सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **स्मार्ट किनमेल प्रा.लि. (प्रा.लि नं. ९३०१७)** कायम गर्ने गरी मिति २०८२/०५/२९ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

### हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७५/१२/१४ मा दर्ता भएको **प्रा. लि. नं. २११८३४/०७५/०७६** को **भैरव कालिका निर्माण सेवा प्रा. लि.** को मिति २०८२/०५/१९ को विशेष बैठकको निर्णयले कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्वीडेटरः श्रवण कुमार श्रेष्ठ, इजाजत पत्र नं. ४०४,**
**ठेगानाः त्रिपुरेश्वर, काठमाडौं, फोन नं. ९८५१२१७००४**

### हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०५०/०४/०७ मा दर्ता भएको **प्रा. लि. नं. १०५४६९/०५१/०५२** को **खेतान मार्केटिङ कम्पनी प्रा. लि.** को मिति २०८२/०६/०२ गतेमा सम्पन्न विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्वीडेटरः कुमार गुरुङ, इजाजत पत्र नं. ५२१, त्रिपुरेश्वर, काठमाडौं, ९८४१८६१६३०**

### कम्पनीको नाम परिवर्तनको गरिएको सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८२/०६/०३**

**यस कम्पनीको मिति २०८२/०५/१८ को साधारण सभा/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी नारंग हस्पिटालिटी प्रा.लि.को नाममा रहेको सम्पूर्ण चल, अचल, सम्पत्ति तथा तिर्नु ब्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि नाम परिवर्तित कम्पनीले सकार्ने ब्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८२/०५/३० गतेको निर्णय अनुसार नाम परिवर्तन गरी नारंग भेन्चर्स प्रा.लि. (द.नं. २१५७१६) कायम गरिएको ब्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।**

### ओमनमा रोजगार

कम्पनी : OMN INTERNATIONAL GROUP SAOC

पूर्व स्वीकृति मिति : २०८२/०६/०२ | LT. No. 331222 | चलानी नं. ६०२४४९७९

| सि.नं. | कामदारको पद | पुरुष | महिला | OR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | CLEANER / PUBLIC BUILDING | 0 | 25 | 120 | ४३,८७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ असोज १० गते (26th Sep. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. 1543/078/079
Index Recruitment Pvt. Ltd.
Chabahil - 7, Kathmandu, Nepal,Tel No. +977-01-5911443 Mo.NO. 9813850986, 9814269669
E-mail : info@indexrecruitment.com.np ,www. www.indexrecruitment.com.np

### युएईमा रोजगार

कम्पनी : TIRHAL EMPLOYMENT L.L.C

पूर्व स्वीकृति मिति : २०८१/१०/२९ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०६/०२ | LT. No. 318593 | चलानी नं. ६०२३२८२८

| सि.नं. | कामदारको पद | पुरुष | महिला | AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Concrete Mason | 16 | 0 | 1200 | ४५,८२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Construction Carpenter | 29 | 0 | 1200 | ४५,८२५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ असोज १० गते (26th Sep. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. १२६३/०७४/०७५
INSPIRE INTERNATIONAL EMPLOYME NT PVT.LTD.
Airport, Shambhu Marg-4, Kathmandu,Nepal Phone: (+977) 4112800, Email: inspireintemp@gmail.com

### साउदीमा रोजगार

कम्पनी : ZAID ALHUSSAIN AND BROTHERS CONTRACTING GROUP COMPANY

पूर्व स्वीकृति मिति : २०८१/१०/१५ | पूर्व स्वीकृति मिति : २०८२/०५/०२ | LT. No. 317955 | चलानी नं. ६०२३२१३८

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Agriculture Worker | 4 | 0 | 1000 | ३७,५८७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ असोज १० गते (26th Sep. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 1149/073/074
दैलेख ओभरसिज प्रा.लि.
बसुन्धारा, चक्रपथ, काठमाडौं, नेपाल फोन नं. +९७७-१-४३८०१२१, ४३६२७१२
ई-मेल : everestnepal.hr@gmail.com, everestnepalglobalrecruitment@gmail.com

### MAURITIUS मा रोजगार

कम्पनी : SQUARE DEAL MULTI-PURPOSE CO-OPERATIVE SOCIETY LIMITED

पूर्व स्वीकृति मिति : २०८२/०५/०२ | LT. No. 331231 | चलानी नं. ६०२४४९९०

| सि.नं. | कामदारको पद | पुरुष | महिला | MUR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Plaster Work Mason | 100 | 0 | 20000 | ६२,१४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Carpenter | 50 | 0 | 20000 | ६२,१४५ | | | | | | | |
| 3 | Mason/tile Worker | 25 | 0 | 20000 | ६२,१४५ | | | | | | | |
| 4 | Steel Fixer/rod Binder | 25 | 0 | 20000 | ६२,१४५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ असोज १० गते (26th Sep. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | २०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

ICONIC HR CONSULTANT PVT LTD
Ganesh Basti, Maharajgunj-4, Kathmandu, Nepal. Tel: +977- 014548588
Mobile: 9851085102, E-mail: ram@iconic-hr.com, www.iconic-hr.com
Govt. Licence No. 1760/081/082

### कतारमा रोजगार

कम्पनी : AZHAR AL SHOMAL CLEANING AND HOSPITALITY

पूर्व स्वीकृति मिति : २०८१/०५/२५ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०६/०२ | LT. No. 310502 | चलानी नं.६०२२५०७६

| सि.नं. | कामदारको पद | पुरुष | महिला | QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | GEN. CLEN. WORKER | 1 | 0 | 1400 | ५३,९३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ असोज १० गते (26th Sep. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

ABC PLACEMENTS PVT. LTD
LIC 537/061/62
Gaushala-9, Kathmandu, Nepal, Tel : 977-1-4582340,
Email : infoabcplacement@gmail.com, info@abcplacement.com, Website: www.abcplacement.com

### मोरीससमा रोजगार

कम्पनी : Avc Contractor Limited

पूर्व स्वीकृति मिति : २०८२/०६/०२ | LT. No. 331244 | चलानी नं. ६०२४५०१९

| सि.नं. | कामदारको पद | पुरुष | महिला | MUR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Mason | 45 | 0 | 22300 | ६९,४६३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Steel Fixer | 15 | 0 | 22300 | ६९,४६३ | | | | | | | |
| 3 | Shuttering Carpenters | 15 | 0 | 22300 | ६९,४६३ | | | | | | | |
| 4 | Welder | 5 | 0 | 22300 | ६९,४६३ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ असोज १० गते (26th Sep. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

GRACE OVERSEAS PVT. LTD.
Chappalkarkhana-04, Kathmandu, Nepal, Tel : +977-01-4526853, Mobile: 9851086232, 985-2071785
Email: infograceoverseas@gmail.com, Web: www.graceoverseas.com.np
Govt. License 852/066/067

### साउदीमा रोजगार

कम्पनी : RUKN RAKEZA TRANSPORT COMPANY

पूर्व स्वीकृति मिति : २०८२/०६/०२ | LT. No. 331249 | चलानी नं.६०२४५०१८

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Truck Driver | 1 | 0 | 1700 | ६३,५६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ असोज १० गते (26th Sep. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Al Kausar Human Resource Pvt.Ltd. (Makawanpur Overseas Pvt. Ltd.)
श्रम इजाजत नं.११४२/०७३/०७४
Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com


## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२**
Email: dhruvswamig@gmail.com

शुक्रबार, ०३ असोज, २०८२

| | |
|---|---|
| **मेष** | चुनौति भएतापनि उपलब्धि प्राप्त हुनेछ । |
| **वृष** | महत्त्वकांक्षाले समस्या निम्तन सक्नेछ । |
| **मिथुन** | कमजोरीले आर्थिक असन्तुलन बन्न सक्छ । |
| **कर्कट** | रोकिएका काम बन्ने, आयस्रोत बढ्नेछ । |
| **सिंह** | अवसर प्राप्त भएपनि मिहिनेत गनुपर्नेछ । |
| **कन्या** | उतारचढावमा समय व्यतित हुनेछ । |
| **तुला** | उत्सावर्द्धक, प्रतिष्ठत व्यत्तिबाट सहयोग । |
| **वृश्चिक** | विषेश काम, रोकिएका काम बन्नेछ । |
| **धनु** | सामान्य फलदायी, परिस्थितिसँग सम्झौता । |
| **मकर** | बाधा-व्यावधान, राकम र श्रम खर्च हुनेछ । |
| **कुम्भ** | उतारचढाव, असहजर परिस्थिति हुनसक्ने । |
| **मीन** | उपलब्धिमूलक, सानो प्रयत्नेल काम बन्ने । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५२६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ४२५५५४०/४२५५५४१ |
| | ६६१२२६६ |
| एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

०३ असोज , २०८२ (१९ सेप्टेम्बर, २०२५)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १४०.५९ | १४१.१९ |
| युरो | १ को | १६५.९४ | १६६.६५ |
| पाउन्ड स्टिर्लङ | १ को | १९१.६७ | १९२.४८ |
| स्विस फ्रैन्क | १ को | १७७.६७ | १७८.४३ |
| अस्ट्रेलियन डलर | १ को | ९३.७५ | ९४.१५ |
| क्यानाडियन डलर | १ को | १०२.१७ | १०२.६१ |
| सिङ्गापुर डलर | १ को | १०९.९७ | ११०.४४ |
| जापानी येन | १० को | ९.५६ | ९.६० |
| चिनियाँ युआन | १ को | १९.७६ | १९.८४ |
| साउदी अरब रियाल | १ को | ३७.४८ | ३७.६४ |
| कतारी रियाल | १ को | ३८.५७ | ३८.७३ |
| थाई भाट | ख १ को | ४.४३ | ४.४५ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३८.२८ | ३८.४४ |
| मलेसियन रिङेट | १ को | ३३.४३ | ३३.५८ |
| दक्षिण कोरियन वन | १०० को | १०.१७ | १०.२१ |
| स्विडिस क्रोनर | १ को | १५.१८ | १५.२५ |
| डेनिस क्रोनर | १ को | २२.२३ | २२.३२ |
| हङकङ डलर | १ को | १८.०७ | १८.१४ |
| कुवेती दिनार | १ को | ४६०.६८ | ४६२.६४ |
| बहराइन दिनार | १ को | ३७२.९० | ३७४.४९ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# ‘चाडपर्व छोडेर काम खोज्न भारत’



**दोधारा चाँदनी (कञ्चनपुर)–** हिन्दू नेपालीहरूको महान् चाड दसैं आउन एक सातामात्रै बाँकी छ । यतिबेला दसैं मनाउनका लागि देश विदेशबाट आफ्नो घर फर्किंदै छन् । सुदूरपश्चिममा भने दसैंको मुखमा काम खोज्दै भारत जानेहरूको लर्को छ ।

विगतमा यस बेलासम्म रोजगारीका लागि भारतमा रहेका नेपालीहरू यहाँको गड्डाचौकी नाका भएर घर फर्किने क्रम बढिसकेको हुन्थ्यो । दैनिक हजारौंको संख्यामा नेपाली स्वदेश फर्किने यो नाकामा यस पटक-फरक भने दृश्य देखिएको छ । हाल यस नाकाबाट स्वदेश आउनेभन्दा काम खोज्दै भारत जानेको संख्या बढी छ । चाडपर्वका बेला विद्यालयमा लामो बिदा हुने भएकाले अभिभावकसँगै बालबालिका पनि भारत गइरहेका देखिन्छन् ।

परिवारसहित काम खोज्दै भारतको हिमाञ्चल प्रदेश जान लागेका डोटीको जोरायल गाउँपालिका-२ का करन थापा मंगलबार गड्डाचौकी नाकामा भेटिए । ‘साँझ-बिहान छाक टार्न समस्या छ, पैसा नभई कसरी दसैं हुन्छ,’ उनले भने, ‘पैसा भयो भने तिहार मनाउन आउँछु । यसपटक घरमा बसेर दसैं मनाउन पाइएन ।’ थापाले दसैंको समयमा बालबच्चाको विद्यालय बिदा भएका कारण परिवारका सबैजना काम खोज्दै हिमाञ्चल प्रदेश जान लागेको बताए ।

थापामात्रै होइन डोटीको बाजिलेकका २५ जनाको परिवार काम खोज्दै भारतको हिमाञ्चल प्रदेश गएका छन् । बाजिलेकका मीनादेवी थापाले स्वदेशमा रोजगारी नपाएपछि श्रीमान्सहित मजदुरीका लागि भारतको सिमला जान लागेको सुनाए । ‘हाल सिमलामा स्याउ टिप्ने काम पाइने भएकाले त्यहाँ जान लागेका हौं,’ उनको भनाइ थियो, ‘भारतमा मजदुरी गरेर कमाएको पैसाले तिहार मनाउँछौं, तिहारमा घर फर्किन्छौं ।’

लालाबालासहित काम खोज्दै भारत जान लागेका बाजिलेककै बलबहादुर थापाले दसैंको मुखमा आफूहरू बाध्यताले विदेश जान लागेको बताए । ‘पैसा नभई दसैं चल्दैन, यहाँ मजदुरी गर्नसमेत नपाइएपछि के गर्नु ! एक महिना मजदुरी गरेर तिहार मनाउन फेरि गाउँ फर्किने सोच छ,’ उनले भने ।

गरिबीका कारण परिवार पाल्न मुस्किल भएपछि चाडपर्वको मुखमा सुदूरपश्चिमका नाका भएर दैनिक सयौं नेपाली रोजगारीका लागि भारत जाने गरेका छन् । कैलालीको बौनियाका कृष्ण सेरलाले विद्यालयको बिदाको समय सदुपयोग गर्न भारत जान लागेको बताए । ‘बुबाआमा भारतमै रोजगारी गर्नुहुन्छ, विद्यालय बिदा भएपछि म पनि उतै जान लागेको हुँ,’ उनले भने । भारत सुदूरपश्चिम र कर्णाली प्रदेशका मानिसहरूका लागि रोजगारी प्रमुख गन्तव्य हो । *रासस*

# पुनर्निर्माणमा जुटे युवा



**झापा–** युवाहरू ‘जेन-जी’ प्रदर्शनका क्रममा तोडफोड भएका यहाँका प्रहरी चौकी पुनर्निर्माणमा जुटेका छन् । यहाँका एक युवाले मेचीनगर-१० धुलाबारीस्थित ट्राफिक प्रहरीको अस्थायी कार्यालय र सार्वजनिक सिसी क्यामरा पुनःस्थापना गरिदिएका छन् । स्थानीय युवा उद्योगी आनन्द खड्काले निजी खर्चमा यस्तो कार्य गरेका हुन् ।

प्लाइउड उद्योगी खड्काले तीन लाख ५० हजार रूपैयाँ खर्चेर ट्राफिक कार्यालय पुनर्निर्माण र चारवटा सिसी क्यामरा जडान गरिदिएको बताए । ‘मुलुक विषम् अवस्थाबाट गुज्रिरहेको बेला राज्यलाई सहयोग पुर्‍याउनु हरेक नागरिकको कर्तव्य हो भनेर मैले स्वस्फूर्त सहयोग गरेको हुँ,’ उनले भने, ‘देशमा नयाँ परिस्थिति आएको छ । सरकारी सम्पत्ति, प्रशासनिक भवन र प्रहरी कार्यालय ध्वस्त भएका छन् । यो बेला शान्तिसुरक्षाका लागि मुख्य चोकमा सिसी क्यामरा आवश्यक हुन्छ भनेर मैले सबै व्यवस्था गरिदिएको हुँ ।’

यसैगरी आन्दोलनका क्रममा आगजनी गरिएको मेचीनगर-१५ स्थित ज्यामिरगढी प्रहरी चौकी र मेचीनगर-७ स्थित ट्राफिक प्रहरी पोस्टकोसमेत पुनर्निर्माण गर्ने योजना रहेको खड्काले बताए । कनकाई नगरपालिका-८ लक्ष्मीपुरस्थित ट्राफिक प्रहरी पोस्ट पनि स्थानीय टेकबहादुर बस्नेतलगायतका युवाले निजी खर्चमा पुनर्निर्माण गरिदिएका छन् । ‘आन्दोलनका कारण प्रहरी पोस्ट ध्वस्त भयो, त्यसपछि प्रहरी यहाँबाट विस्थापित हुनुपरेकामा ज्यादै दुःख लागेको छ,’ उनले भने, ‘हिजोका दिनमा जे भयो भयो, त्यसलाई बिर्सेर प्रहरीहरू फेरि लक्ष्मीपुरको पोस्टमा बस्न आइदिनुहोस् भन्ने हाम्रो विनम्र अनुरोध छ । ध्वस्त भएको पोस्टलाई हामी युवाले नै मिलेर पहिलेको जस्तै बनाएका छौं ।’ यहाँका अन्य क्षेत्रमा पनि युवाहरूले शान्तिसुरक्षाका लागि प्रहरीसँग मिलेर काम गर्ने जनाएका छन् । *रासस*

# जनजीवन पुरानै लयमा फर्किंदै

**सिरहा (प्रस)–** ‘जेन-जी’ प्रदर्शनपछि अस्तव्यस्त बनेको सिरहाको जनजीवन र सरकारी सेवा प्रणाली बिस्तारै लयमा फर्किंदै छ । जिल्ला प्रशासन कार्यालयले गत भदौ २६ मा सबै कार्यालयलाई समन्वय गरी २९ गतेदेखि सेवा सुरु गर्न निर्देशन दिएको थियो । प्रमुख जिल्ला अधिकारी वसन्त अधिकारीका अनुसार बुधबारदेखि जिल्ला प्रशासन कार्यालयले पूर्ण सेवा सञ्चालनमा ल्याएको छ ।

उनका अनुसार प्रहरीको अनुपस्थितिमा असुरक्षित महसुस गरेका स्थानीयवासीले नै प्रहरी युनिटको पुनःस्थापनामा सहयोग गरेका छन् । ‘आन्दोलनपछि अन्योल थियो, तर हामीसँग जे छ त्यसैबाट थालेर उठ्ने प्रयास गर्‍यौं । हाल अवस्था सामान्य हुँदै गएको छ र हामी पुरानै स्थितिमा फर्किन निरन्तर लागिरहेका छौं,’ प्रमुख जिल्ला अधिकारी वसन्तले भने ।

जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी तथा प्रहरी नायब उपरीक्षक वीरेन्द्रकुमार पासवानका अनुसार आन्दोलनमा क्षतिग्रस्त १४ मध्ये १२ प्रहरी युनिट पुनः सञ्चालनमा आइसकेका छन् । बाँकी रहेका दुईवटा अस्थायी प्रहरी बिट पनि चाँडै पुनःस्थापना हुनेगरी काम भइरहेको छ । यहाँ जिल्लाका अन्य कार्यालयहरू पनि सेवा बिस्तार गर्दै लगेका छन् र जनजीवन बिस्तारै सामान्य अवस्थामा फर्किंदै छ । यहाँ आन्दोलनका कारण एकै दिनमा जिल्लामा करिब एक अर्ब रूपैयाँभन्दा बढीको क्षति भएको छ । प्रदर्शनका क्रममा भएको तोडफोड, लुटपाट र आगजनीका कारण यहाँका निजी र प्रहरीसहित ५२ भौतिक संरचनामा क्षति पुगेको जिल्ला प्रहरी कार्यालयको प्रारम्भिक तथ्यांक छ ।


## कतारमा रोजगार

कम्पनी : MODAMAX FASHION AND LADIES TAILOR

पूर्व स्वीकृति मिति : २०८२/०५/०२ | LT. No. 331174 | चलानी नं. ६०२४४९९१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Accountant | 0 | 1 | 3600 | १३८,६८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Designer | 0 | 1 | 2000 | ७७,०४५ | | | | | | | |
| 3 | Marketing Represnt | 0 | 2 | 2500 | ९३,३०५ | | | | | | | |
| 4 | Sewing Worker | 1 | 3 | 1200 | ४६,२२५ | | | | | | | |
| 5 | Tailoring Master | 0 | 1 | 2000 | ७७,०४५ | | | | | | | |
| 6 | Womens Tailor | 0 | 1 | 2000 | ७७,०४५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असोज १० गते (26th Sep. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १३०२/०७४/०७५

Lucky Human Resource Pvt.Ltd.
Pingalasthan-08. Gaushala, Kathmandu, Nepal Tel :01 4589501, 014589401
E-mail: luckyhumanhr@gmail. Website : www.luckyhumanresource.com.np



## युएइमा रोजगार

कम्पनी : SEONG THYE PLANTATIONS SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/०६/०२ | LT. No. 330874 | चलानी नं. ६०२४४९८६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker ( Plantation, Flower) | 18 | 0 | 1700 | ५७,०६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असोज १० गते (26th Sep. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

NOVA INTERNATIONAL PVT. LTD.
Surya Bikram Gyabali Marg Gaushala-09, Kathmandu, Nepal. Tel:- +977-1-014573271, 4573602
Email: info@novainternational.com.np, URL: www.novainternational.com.np
श्रम ईजाजत नं. १०१९/०६८/०६९



## कुवेतमा रोजगार

कम्पनी : AL SALAM GEN. BUILDING CLEANING SERVICE CO.

पूर्व स्वीकृति मिति : २०८२/०५/३० | LT. No. 331082 | चलानी नं. ६०२४४८७२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner General | 0 | 3 | 140 | ६४,६६३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असोज ८ गते (24th Sep. 2025) मा हुनेछ ।

नोट : प्रभाव दैनिकको वर्ष १२ अंक १४७ असोज १ गते २०८२ मा प्रकाशित Octopus Recruitment Pvt.Ltd को लट नं. ३३१०८२ को कम्पनीको नाम Al Salam Gen. Building Cleaning Service Co. मा महिला ३ जना डिमान्ड भएको हुनुपर्नेमा अन्यथा भएकोले सच्याइएको व्यहोरा समेत अनुरोध छ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

OCTOPUS RECRUITMENT PVT.LTD
Buddha Nagar, New Baneshwor, Kathmandu, Nepal, Tel : 1-4790666/ 01-4790655,
Email: octopusre@gmail.comWeb: www.octopusrecruitment.com
श्रम ईजाजत नं. ९७५/०६७/०६८



## कुवेतमा रोजगार

कम्पनी : ETC FOOD RESTAURANT COMPANY

पूर्व स्वीकृति मिति : २०८१/१०/०४ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०६/०१ | LT. No. 317166 | चलानी नं. ६०२३१४७५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Asst.cook | 50 | 0 | 130 | ५८,२४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Hostess (Waitress) | 0 | 5 | 150 | ६७,२१० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असोज ९ गते (25th Sep. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

यो विज्ञापन LT No. 317166 मिति: २०८२/०६/०२ मा प्रकाशित हुनुपर्नेमा भूलबस छुट्न गएकोले आज प्रकाशित गरिएको व्यहोरा जानकारी गरिन्छ ।

Omega International Pvt. Ltd.
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337, E-mail : info@omeganepal.com, Website : www.omeganepal.com
Govt. License No. 1352/074/075



## युएइमा रोजगार

कम्पनी : NATIONAL CATERING COMPANY LIMITED-WLL

पूर्व स्वीकृति मिति : २०८२/०३/१० | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०५/०२ | LT. No. 326063 | चलानी नं. ६०२४००३९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaners (Male) | 25 | 0 | 800 | २९,८७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Kitchen Helper | 8 | 0 | 1000 | ३७,३४५ | | | | | | | |
| 3 | Messenger Boy | 2 | 0 | 1200 | ४४,८१० | | | | | | | |
| 4 | Waiter(Male) | 5 | 0 | 1200 | ४४,८१० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असोज १० गते (26th Sep. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

RELIABLE MANPOWER RECRUITMENT PVT LTD
Sinamangal-9, Kathmandu, Nepal, (50 Meter opposite to Hope Hospital) T: 01-5922931/ 5922932/ 5922934
Email:- reception@reliablemanpowernepal.com, Web: www.reliablemanpowernepal.com
Govt.Lic. No 1728/081/82



## युएइ/ कुवेतमा रोजगार

कम्पनी : FIX SHINE GENERAL CONTRACTING L.L.C. | शेवा शुल्क: १०,०००

पूर्व स्वीकृति मिति : २०८२/०४/२६ | LT. No. 328905 | चलानी नं.६०२४२७२४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant Tile Layer | 1 | 0 | 1200 | ४५,८२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Welder | 2 | 0 | 1500 | ५७,२८५ | | | | | | | |
| 3 | Site Supervisor | 3 | 0 | 2000 | ७६,३८० | | | | | | | |
| 4 | Messenger (Male) | 1 | 0 | 1200 | ४५,८२५ | | | | | | | |
| 5 | Pump /compressor Mechanic | 1 | 0 | 1500 | ५७,२८५ | | | | | | | |

कम्पनी : RASHFAT SHAI RESTAURANT COMPANY | शेवा शुल्क: निःशुल्क

पूर्व स्वीकृति मिति : २०८२/०२/२५ | LT. No. 331188 | चलानी नं.६०२४४९८०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner Indoor | 5 | 0 | 110 | ५०,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Cook (Pizza Maker) | 5 | 0 | 160 | ७३,५९५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असोज १० गते (26th Sep. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

FEWA OVERSEAS PVT. LTD
Kageshwori, Manohara-9, Airport Nagar, Gothatar, Kathmandu, Nepal, Tel: 01-5914530, 9808655324, 9844024322
9813432386, 9827644060, Email : fewaoverseas11@gmail.com, Web: www.fewaoverseas.com.np
1559/079/80


PRiME COMMERCIAL BANK LTD.
प्राइम कमर्सियल बैंक लिमिटेड

केन्द्रीय कार्यालय: कमलपोखरी, काठमाण्डौ
फोन नं.: ०१-४५२३४३२/३४/३६

शाखा कार्यालय: वीरगंज, पर्सा
फोन: ०५१-५२४३७०/८०

को

## शाखा कार्यालय वीरगंज, पर्साको तपसिलमा उल्लेखित ऋणीहरुको धितोमा रहेको सम्पत्तिको लिलाम बिक्री हुने सम्बन्धी ७ (सात) दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०८२/०६/०३ गते)

तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकको शाखा कार्यालय वीरगंज, पर्साबाट लिनु भएको ऋण कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, साँवाको किस्ता, ब्याज र हर्जाना ब्याज रकम नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियत उल्लंघन गर्नु भएको, बैंकले तपसिलका ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरु समेतलाई पटक-पटक मौखिक एवम् लिखित सूचनाहरू पठाई तरताकेता गर्दा समेत कर्जाको साँवा तथा सोमा लागेको ब्याज, किस्ता र हर्जाना ब्याज रकम बुझाउने तर्फ कुनै पहल नगरी बेवास्ता गरी बसेको र यस अघि सम्पूर्ण कर्जा चुक्ता गर्न यस बैंकबाट ३५ (पैंतीस) दिने सार्वजनिक सूचना तथा धितोमा रहेको सम्पत्तिको लिलाम बिक्री हुने सम्बन्धी १५ (पन्ध्र) दिने अत्यन्त जरुरी सूचनाहरु विभिन्न मितिमा राष्ट्रिय दैनिक पत्रिकाहरुमा प्रकाशित गरि तरताकेता गर्दा समेत कर्जा नतिरी नबुझाई बेवास्ता गरी बसेको हुनाले कर्जा असुलीका लागि तपसिलमा उल्लेखित धितो जहाँ जे, जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको सम्पूर्ण लेना रकम असूल उपर गरि लिने भएकाले धितोमा रहेको सम्पत्तिको लिलाम बिक्री हुने सम्बन्धी यो ७ (सात) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । साथै, धितो सुरक्षणमा रहेको सम्पत्तिहरुको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरुको घरघरानाबाट असुल उपर गर्न असुली प्रकृया अगाडि बढाईने तथा सम्बन्धीत सबैलाई कर्जा सूचना केन्द्रको कालो सूचीमा नाम समावेश गर्न पठाईने ब्यहोरासमेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

**१. ऋणीको विवरण**

नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, वाणिज्य कार्यालय, वीरगंजमा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम मिति २०६०/०५/१२ मा दर्ता नं. १९२११/०६०/६१, स्थानीय व्यापार कायम भई दर्ता भएको पर्सा जिल्ला, वीरगंज न.पा./उ.म.न.पा. वडा नं. ११ स्थित के.पि. स्वर्णकला केन्द्र — प्रोप्राइटर: कन्हैया प्रसाद सोनार

**२. ऋणीको विवरण**

नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभाग, वाणिज्य कार्यालय, वीरगंज, पर्सामा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम मिति २०७१/११/१० मा दर्ता नं. ३३०१९/०७१/७२, स्थानीय व्यापार कायम भई दर्ता भएको पर्सा जिल्ला, वीरगंज न.पा./उ.म.न.पा. वडा नं. ८ माइस्थान स्थित खुशी स्वर्ण कला केन्द्र — प्रोप्राइटर: लक्ष्मी देवी सोनारिन

**३. ऋणीको विवरण**

नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाण्डौमा कम्पनी ऐन, २०६३ को दफा ५ को उपदफा १ बमोजिम मिति २०७३/०७/११ मा दर्ता नं. १५७८७५/०७३/०७४ कायम भई दर्ता भएको पर्सा जिल्ला, वीरगंज उ.म.न.पा. वडा नं. ११ माइस्थान स्थित सि.बी. ज्वेलरी उद्योग प्रा.लि.

**व्यक्तिगत जमानतकर्ताहरुको विवरण**

१. बुटाई साह सोनारको नाति, सरदा साह सोनारको छोरा, बारा जिल्ला, गंजभवानीपुर गा.वि.स./न.पा. वडा नं. ६ स्थित स्थायी ठेगाना भइ हाल पर्सा जिल्ला, बीरगंज म.न.पा. वडा नं. ८ बस्ने कन्हैया प्रसाद सोनार (ना.प्र.प.नं. १६४९, बारा)

२. सरदा साह सोनारको बुहारी, कन्हैया प्रसाद सोनारको पत्नी, बारा जिल्ला, गंजभवानीपुर गा.वि.स./न.पा. वडा नं. ६ स्थित स्थायी ठेगाना भइ हाल पर्सा जिल्ला, बीरगंज म.न.पा. वडा नं. ८ बस्ने लक्ष्मी देवी सोनारीन (ना.प्र.प.नं. १९८४, बारा)

**धितोमा रहेको सम्पत्तिको विवरण**

१. लक्ष्मी देवी सोनारीनको नाममा भूमिसुधार तथा मालपोत कार्यालय वीरगंज, पर्साको लगतमा दर्ता श्रेस्ता कायम रहेको पर्सा जिल्ला, वीरगंज उ.म.न.पा. वडा नं. ८ स्थित कित्ता नं. २५५, २५६, २५७, २५८, २५९, र २८३ को क्षेत्रफल क्रमश: १२.९५, २१.८३, २९.००, ५.२७, ४५.२२, र १६.९३ (व.मि.) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

२. कन्हैया प्रसाद सोनारको नाममा भूमिसुधार तथा मालपोत कार्यालय वीरगंज, पर्साको लगतमा दर्ता श्रेस्ता कायम रहेको पर्सा जिल्ला, वीरगंज उ.म.न.पा. वडा नं. ११ स्थित कित्ता नं. १८९ र २५२ को क्षेत्रफल क्रमश: १६.९३ र १८५.९७ (व.मि.) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

नोट: माथि उल्लेखित सम्पूर्ण ऋणीहरुका लागि व्यक्तिगत जमानतकर्ताहरु तथा धितोमा रहेको सम्पत्तिको विवरण एकै भएको ।

**धितो लिलामी बिक्रीका शर्तहरू :**

१. बोलपत्र आवेदन फारम मिति २०८२/०६/०३ गते शुक्रबारदेखि यस बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौ स्थित कर्जा असुली विभाग तथा शाखा कार्यालय वीरगंज, पर्साबाट प्राप्त गर्न सकिनेछ।
२. छुट्टाछुट्टै धितोको लागि छुट्टाछुट्टै आवेदन पनि दिन सकिनेछ ।
३. बोलपत्रदाताले बोलपत्र आवेदनपत्रसाथ धरौटी स्वरुप आफूले खरिद गर्न चाहेको सम्पूर्ण रकमको कम्तीमा १० (दश) प्रतिशतले हुने रकम यस बैंकको **Inter Department A/C LRD** (००१-९९३१०२००००) खातामा नगद दाखिला गरेको सक्कल भौचर वा यस बैंकको नाममा खिचिएको बैंक, वित्तीय संस्थाको **A/C Payee Cheque** संलग्न गर्नुपर्नेछ ।
४. बोलपत्रदाता नेपाली नागरिक वा नेपालमा दर्ता भएको संगठित संस्था, फर्म कम्पनी हुनुपर्नेछ । साथै बोलपत्रदाता प्राकृतिक व्यक्ति भएमा पासपोर्ट साईजको फोटो, नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, संगठित संस्था/कम्पनी/फर्म भएमा अख्तियारनामा, सञ्चालक समितिको निर्णय, दर्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बर **(PAN)** प्रमाणपत्रको प्रतिलिपि आवेदनसाथ पेश गर्नु पर्नेछ ।
५. शिलबन्दी बोलपत्र मिति २०८२/०६/०९ गते बिहिबार कार्यालय समय भित्र यस बैंकको शाखा कार्यालय वीरगंज, पर्सामा दर्ता भईसक्नु पर्नेछ । म्याद नाघि आएका वा रीत नपुगेका वा शर्त राखि दिएका आवेदनहरु उपर कारवाही गरिने छैन ।
६. शिलबन्दी बोलपत्र मिति २०८२/०६/१० गते शुक्रबार दिउँसो १:०० बजे यस बैंकको शाखा कार्यालय वीरगंज, पर्सामा बोलपत्रदाता वा निजले लिखितरुपमा नियुक्त गरेको प्रतिनिधिहरु तथा अन्य पदाधिकारीहरुको रोहवरमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पर्ने छैन । साथै बोलपत्र खोलिने दिन आकस्मिक सार्वजनिक बिदा परेमा बिदापछि लगत्तै कार्यालय खुलेको दिनमा बोलपत्र खोलिनेछ ।
७. बोलपत्र प्रस्ताव स्वीकृत भएमा बाँकी रकम प्रस्ताव स्वीकृत भएको जानकारी दिएको मितिले ७ (सात) दिन भित्र यस बैंकमा नगद दाखिला गरी धितोमा रहेको सम्पत्ति आफ्नो नाममा नामसारी दाखिल खारेज गराई लिनु पर्नेछ । सम्पत्ति नामसारी गर्न लाग्ने सम्पूर्ण शुल्क एवं नामसारी दाखिल खारेज गर्न लाग्ने सम्पूर्ण राजश्व तथा अन्य खर्च र लाग्ने भए लाभकर समेत सकार गरिलिने स्वयंले ब्यहोर्नु पर्नेछ ।
८. तोकिएको समय भित्र बाँकी रकम दाखिला नभए वा गर्न नसकेमा धरौटी रकम स्वत: जफत हुनेछ । बोलपत्र स्वीकृत नभएमा प्रस्तावकहरूलाई बोलपत्र सम्बन्धी निर्णय भए पश्चात मात्र यस बैंकको शाखा कार्यालय वीरगंज, पर्साबाट भुक्तानी गरिनेछ । साथै सो रकममा कुनै ब्याज प्रदान गरिने छैन ।
९. धितो सम्पत्ति बिक्री गर्ने वा नगर्ने वा बोलपत्रको अंकमा सम्पत्ति बिक्री गर्ने वा नगर्ने वा छुट्टाछुट्टै बिक्री गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ । बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन् ।
१०. यस सम्बन्धमा अन्य केही कुरा बुझ्नु पर्ने भएमा यस बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौ स्थित कर्जा असुली विभाग तथा शाखा कार्यालय वीरगंज, पर्सामा सम्पर्क राखी बुझ्न सकिनेछ ।

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# दलहरूमा संयमताको खाँचो

भदौ २३ गते जेनजी विद्रोह भयो । उक्त समयमा सरकारको नेतृत्वमा थिए एमाले अध्यक्ष केपी शर्मा ओली । ओलीलाई साथ दिइरहेको ठुलो दल थियो नेपाली कांग्रेस । प्रमुख प्रतिपक्षी दल थियो माओवादी केन्द्र । विकसित राजनीतिक घटनाक्रमका कारण यी तीनै दलको वरीयता अहिले गुमेको छ । संसद विघटन भएसँगै सत्ताको शक्तिमा रहेका यी दल सडकमा पुगेको छ ।

जेनजी विद्रोहसँगै प्रशासनिक केन्द्रहरू ध्वस्त भएका छन् भने राजनीतिक दलका नेताहरूको घर पनि जलेका छन् । राजनीतिक दलका मुख्यालयहरूमा आगजनी भएका छन् । यही मेसोमा राजनीतिक दलका नेताहरू एकपछि अर्को सार्वजनिक हुन थालेका छन् । मंगलबार माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल पेरिसडाँडामा देखिए । त्यसैगरी बिहीबार दाहालले भिडियो सन्देश जारी गरे ।

प्रधानमन्त्रीबाट राजीनामा दिएर सेनाको सुरक्षामा बसेका एमाले अध्यक्ष केपी शर्मा ओली पनि सार्वजनिक भएका छन् । संविधान दिवसको अवसर पारी ओलीले आफ्ना नेता कार्यकर्तासमक्ष सम्बोधन गर्ने भएका छन् । विद्रोहकै क्रममा प्रदर्शनकारीले शीर्ष तीन नेताको खोजी गरेका थिए । जसक्रममा नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा आफ्नै निवासमा कुटिए । परराष्ट्रमन्त्री डा आरजु देउवा पनि कुटिए । जेनजी विद्रोह अहिले साम्य भएको छ । राष्ट्रपति रामचन्द्र पौडेल र नेपाली सेनाको अहम भूमिका निभाएसँगै स्थिति साम्य बनेको हो । दलविरुद्ध जेनजीले ओकलेको आक्रोश एक किसिमले मत्थर भएको छ । राष्ट्रपति र नेपाली सेनाको सुझबुझपूर्ण निर्णयले शान्ति छाएको छ ।

प्रधानमन्त्रीबाट जबरजस्ती हटेका ओलीले पक्कै पनि यो विषय बुझेको हुनुपर्छ । त्यसैले आफ्नो कार्यकर्तालाई उक्साउने अभिव्यक्ति भन्दा पनि आफू र आफ्नो दल सुधार्ने खालको काममा लाग्नु नै वेश देखिन्छ । किनभने मिसन ०८४ मा रहेका दलको लागि चुनाव धेरै पर छैन । फागुन २१ गते चुनाव तोकिएको छ । यो चुनावमा दलसँग असन्तुष्ट मतलाई कसरी रिझाउने र समृद्ध नेपालको अभियानलाई कसरी सफल पार्ने भन्ने विषयमा ओलीले सोच्नु आवश्यक छ ।

अहिले नेपाली कांग्रेसका सभापति देउवा र उनकी पत्नी उपचाररत छन् । कांग्रेस पनि आफ्नो सेनापतिलाई घाइते बनाएकोमा मुर्मुरिएको होला । यो सबै नेताकार्यकर्ताकै कारण भएको हो । अब सबै दलले आफूलाई सुधारको बाटोमा लैजानु आवश्यक छ । जेनजीको आक्रोशलाई थप उमाल्नेभन्दा पनि चिस्याउने र चुनावी वातावरण बनाउनु दलको कर्तव्य हो । जसै नागरिक अगुवाहरूसँगको भेटमा राष्ट्रपति पौडेलले सन्देश पठाएका छन् कि निकै अप्ठेरो परिस्थितिको सामना गरेर व्यवस्था जोगाएको छु, अब यो व्यवस्था जोगाउने पालो दलहरूको ।

## श्रम सरोकार

### साउदी अरेबियामा रहेका नेपालीहरूले अपनाउनुपर्ने सावधानी

पछिल्ला दिनहरूमा साउदी अरेबियाका केही दूरसञ्चार कम्पनीहरूका प्रतिज्ञापत्रहरूका प्रावधानहरू कार्यान्वयनका नाममा हुने गरेका विभिन्न किसिमका ठगी बढेको पाइएको छ । जसमा धेरै नेपालीहरू आफूले लिँदै नलिएको वित्तीय दायित्वको झमेलामा परी कानुनी कारबाहीमा पर्दै आएको साउदीस्थित नेपाली दूतावासले जनाएको छ । अनधिकृत व्यक्तिहरूबाट सिमको खरिद गर्दा र आफ्ना व्यक्तिगत विवरणहरू जथाभावी बाँड्दा यस्ता घटनाहरू घटेका हुनसक्ने भन्दै दूतावासले निम्न सावधानी अपनाउन अपिल गरेको छ ।

**अज्ञात फोन कल वा मेसेजबाट सचेत रहने**

कुनै प्रकारको प्रलोभन देखाइ, चिट्ठा परेको भनी वा बैंक तथा सरकारी कार्यालयको कर्मचारी हो भनी कसैले तपाईंको ओटिपीलगायतका व्यक्तिगत विवरण मागेमा नदिने ।

**मोबाइल सेवा खरिद गर्दा सावधानी अपनाउने**

खुला पसलहरू वा अनधिकृत डिलरहरूबाट सिमकार्ड नकिन्ने । मोबाइल सिम कार्ड, इन्टरनेट सेवा, वा किस्ताबन्दी योजनाहरू खरिद गर्दा सम्झौताका सर्तहरू ध्यानपूर्वक अध्ययन गर्ने । सेवा प्रदायक वा एजेन्टहरूसँग माथि उल्लिखित विषयमा सम्झौता गर्दा आफ्नो जानकारीको दुरूपयोग नहुने कुरा सुनिश्चित गर्ने ।

**आफ्नो व्यक्तिगत जानकारी र कागजातहरु सुरक्षित राख्ने**

आफ्नो इकामा, राहदानी, बैंक विवरण वा अन्य व्यक्तिगत कागजातहरू अनावश्यकरूपमा कसैलाई नदिने । यदि कोही कसैले तपाईंको इकामा मागेमा मागिएको विवरणहरू किन आवश्यक छ भनी पहिले राम्रोसँग बुझ्नुहोस् । तपाईंको कम्पनी वा अन्य कुनै निकाय वा व्यक्तिले कुनै कागजमा तपाईंलाई हस्ताक्षर गर्न भनेमा त्यसमा लेखिएको व्यहोरा बुझेर उचित लागेमा मात्र हस्ताक्षर गर्नुहोस् ।

**अब्शेर खाताको जानकारी सुरक्षित राख्ने**

आफ्नो अब्शेर खाताको विवरण, पासवर्ड, वा ओटिपी कसैलाई पनि नदिने । अपरिचित व्यक्तिलाई तपाईंको अबशेर खाता खोल्न, अपडेट गर्न, वा परिवर्तन गर्न सहयोग नमाग्नुहोस् । कसैले सहयोग गर्छु भने पनि त्यस्तो व्यक्तिको सहयोग नलिने । आफ्नो मोबाइल फोन कसैलाई पनि नदिने । प्रायोजक (स्पोन्सर), एचआर कर्मचारी, वा अन्य जो सुकै भए पनि आफ्नो फोनको प्रयोग गर्न अरुलाई नदिने । उनीहरूले तपाईंको जानकारी दुरूपयोग गर्न वा ठगीका लागि प्रयोग गर्न सक्छन् ।

# संघीयताको कसीमा संविधानका एक दशक



■ रेवती सापकोटा

‘ संविधानले नागरिकलाई शक्तिशाली बनाएको छ भने जनता नै संविधानलाई शक्तिशाली दस्तावेज बनाउने आधारस्तम्भ हुन् । जब नागरिक र संविधानबीचको सम्बन्ध असन्तुलित हुन्छ, तब राजनीतिक सन्तुलन बिग्रन्छ । राजनीतिक सन्तुलन बिग्रँदा राज्यका संरचना निष्प्रभावी हुन्छन् । २०७४ सालमा भएको निर्वाचनपछिका पहिलो तीन वर्ष तीनै तहका सरकार सक्रिय र प्रभावकारी देखिएका थिए । तर पछिल्ला वर्षमा बिग्रिएको राजनीतिक सन्तुलन सुध्रन नसक्दा युवा पुस्ता आन्दोलनमा होमिनुपर्ने परिस्थिति सिर्जना भएको हो । संघ, प्रदेश र स्थानीय तहका संरचनाले प्रभावकारी काम गर्न असमर्थ भएकै कारण आमनागरिक र युवा पुस्तामा निराशा र आक्रोश बढाउँदै लगेको थियो ।

नेपालमा संविधानसभाबाट संविधान जारी भएको एक दशक पूरा भएको छ । पहिलो संविधानसभाले संविधान जारी गर्न नसकेपछि गठन भएको दोस्रो संविधानसभाबाट जारी संविधान आज असोज ३ गते एक दशक पूरा भएको हो । संविधान गतिशील दस्तावेज हो । नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता र जनतामा निहीत सार्वभौमसत्ताबाहेक संविधानका अन्य विषयमा संशोधन हुन सक्ने संवैधानिक व्यवस्था छ । तेस्रोपटक संविधान संशोधन गर्ने लक्ष्य राखेर प्रतिनिधिसभामा पहिलो र दोस्रो ठूलो दल नेपाली कांग्रेस र एमालेको गठबन्धनको सरकार बनेको १४ महिनासम्म संविधान संशोधन हुन सकेन । यो संविधान जारी भएको छ महिना नपुग्दै २०७२ फागुन १६ गते र २०७७ असार ४ गते गरी दुईपटक संशोधन भएको थियो ।

राजनीतिक दलको अस्तित्वमाथि नै प्रश्न उठाउँदै युवा पुस्ताले गरेको आन्दोलनले उथलपुथल ल्याएको छ । सत्ता सञ्चालनका क्रममा राजनीतिक र प्रशासनिक निकायले थुपारेको विकृति र विसंगतिलाई युवा पुस्ताको ३६ घण्टाको क्रान्तिले उजागर गरिदिएको छ । मुलुकका होनाहार ७४ जनाको बलिदानपछि प्रतिनिधिसभा विघटन भएको छ भने राष्ट्रिय सभा जीवितै छ । प्रदेशको व्यवस्थापिका र कार्यपालिका अनि स्थानीय व्यवस्थापिका र कार्यपालिका जीवितै छन् । आवश्यकताको सिद्धान्तका आधारमा संविधानका कुनै पनि धाराले नचिनेको तर युवा पुस्ताको ३६ घण्टाको क्रान्तिले चिनेको नागरिक सरकार गठन भएको छ । मुलुक कसरी यो अवस्थामा पुग्यो भन्ने विश्लेषण राजनीतिक दल र नागरिकले गर्नुपर्ने अवस्था आएको छ ।

राजनीतिक आन्दोलनका क्रममा मुखरित भएका विषयलाई सम्बोधन गर्ने गरी संविधान र कानुनमा समेटिएका विषय व्यावहारिकरूपमा कार्यान्वयन नभएका कारण संविधानमाथि प्रश्न आएको हो । नेपालभित्रकै कतिपय पालिका र प्रदेशका संरचनाले गरेका असल अभ्यासलाई ग्रहण गरी राष्ट्रिय नीति तथा कार्यक्रम बनाउन सकिन्छ । नागरिकले अनुभूत गर्ने विषयमा आमूल परिवर्तन नगरेसम्म जतिसुकै ठूला राजनीतिक परिवर्तन भए पनि ती परिवर्तन दिगो हुन नसक्ने तथ्य विगतका घटनाक्रमले पुष्टि गरिसकेको छ ।

संसारभर जेन-जी जेड र जेन-जी अल्फा पुस्ताको संख्या करिब पाँच अर्ब छ, नेपालमा पनि जेन-जी जेड र जेन-जी अल्फा पुस्ताको संख्या ठूलो छ तर उनीहरूलाई शासन गर्ने ६० वर्षभन्दा माथिको उमेर समूहका छन् । युवा पुस्ताको चाहना र भावनालाई नबुझ्ने नेतृत्व प्रशासन र राजनीतिमा प्रशस्त छन् । स-साना विषयलाई सम्बोधन नगरी ठूला विषय उठाएरमात्रै राजनीतिक क्रान्तिलाई दिगो बनाउन सकिँदैन भन्ने तथ्य पटक-पटक पुष्टि भइसकेको छ । त्यसैले संविधान, संविधानअन्तर्गत बनेका कानुन, ती कानुनले जन्माएका संरचना र ती संरचनाबाट कार्यान्वयन भएका नीतिगत तथा व्यावहारिक परिणामहरूको समग्र समीक्षा गर्ने उपयुक्त समय पनि हो अहिले ।

यस संविधानका ३५ भाग, ३०८ धारा र ९ अनुसूची छन् । संविधानमा ३१ वटा मौलिक हक, चारवटा निर्देशक सिद्धान्त, १३ वटा राज्यका नीति छन् । संविधानमा छ वटा नागरिकका स्वतन्त्रता छन् भने चार वटा नागरिकका कर्तव्य छन् । संविधानले प्रत्यायोजन गरेका एकल र साझा अधिकारलाई प्रभावकारी कार्यान्वयनमा लैजानका लागि संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ छ । यस कानुनी व्यवस्थाले तीनै तहका सरकारका काम कारबाहीलाई व्यवस्थित गर्ने र कार्य जिम्मेवारी तोकेको छ । संविधान र कानुन आफैंमा निर्जिव वस्तु हुन् । संविधान र कानुनलाई जीवित बनाएर परिचालन गर्ने व्यक्तिले हो । जिम्मेवारीमा रहेका व्यक्तिले संविधान र कानुनलाई कसरी परिचालन गरे, त्यसको परिणाम कस्तो आयो, आगामी दिनमा पनि कसले परिचालन गर्छ र त्यसको परिणाम कस्तो आउँछ भन्ने तथ्य जिम्मेवारीमा कस्ता व्यक्तिलाई राखिन्छ भन्ने तथ्यले धेरै विषयलाई स्पष्ट पार्छ ।

संविधानले परिकल्पना गरेको समाजवादउन्मुख संघीय लोकतान्त्रिक गणतन्त्रको आधारभूत मूल्यांकन तीन तहका सरकारबाट सम्पादन भएका कार्यमा आधारित भएर गर्नुपर्ने हुन्छ । जनताद्वारा निर्वाचित व्यवस्थापिकाले निर्माण गरेका कानुनलाई कार्यान्वयन गर्ने जिम्मेवारी कार्यपालिकामा हुन्छ । संघ, प्रदेश र स्थानीय तहमा निर्वाचित प्रतिनिधि, तिनले गठन गरेका कार्यपालिका तथा कार्यपालिकाअन्तर्गतका संरचनाले गरेका कार्य नै संविधानको सफलताको आधार मापन गर्न सकिन्छ । संविधानले परिकल्पना गरेका कानुनी संरचना र तिनलाई सञ्चालन गर्ने राजनीतिक तथा प्रशासनिक नेतृत्वको कार्यशैलीका आधारमा नागरिकले पाएका सेवा तथा नागरिकबाट आएका सकारात्मक र नकारात्मक प्रतिक्रियामार्फत संविधानको समीक्षा हुनुपर्छ । संविधानसभाभन्दा शक्तिशाली सार्वभौम जनता भएकाले उनीहरूका प्रतिक्रियाअनुसार संविधान वा कानुन संशोधन र परिमार्जन आवश्यक हुन्छ ।

संविधानले नागरिकलाई शक्तिशाली बनाएको छ भने जनता नै संविधानलाई शक्तिशाली दस्तावेज बनाउने आधारस्तम्भ हुन् । जब नागरिक र संविधानबीचको सम्बन्ध असन्तुलित हुन्छ, तब राजनीतिक सन्तुलन बिग्रन्छ । राजनीतिक सन्तुलन बिग्रँदा राज्यका संरचना निष्प्रभावी हुन्छन् । २०७४ सालमा भएको निर्वाचनपछिका पहिलो तीन वर्ष तीनै तहका सरकार सक्रिय र प्रभावकारी देखिएका थिए । तर पछिल्ला वर्षमा बिग्रिएको राजनीतिक सन्तुलन सुध्रन नसक्दा युवा पुस्ता आन्दोलनमा होमिनुपर्ने परिस्थिति सिर्जना भएको हो । संघ, प्रदेश र स्थानीय तहका संरचनाले प्रभावकारी काम गर्न असमर्थ भएकै कारण आमनागरिक र युवा पुस्तामा निराशा र आक्रोश बढाउँदै लगेको थियो ।

नेपालको संविधानको धारा ५६ (१) ले संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने व्यवस्था गरेको छ । संविधानको धारा ५७ मा राज्य शक्तिको बाँडफाँटको व्यवस्था गरी संविधानका अनुसूची ५ देखि ९ सम्ममा संघ, प्रदेश र स्थानीय तहका एकल र साझा अधिकारका सूची उल्लेख गरिएको छ । नेपालको संविधानका अनुसूचीमा उल्लिखित तीनै तहका एकल अधिकार ७८ वटा र साझा अधिकार ४० वटा गरी ११८ वटा अधिकार सूचीको व्यवस्था छ । अवशिष्ट अधिकार संघमा छ ।

नेपाल सरकारले २०७३ माघ १८ गते स्वीकृत गरेको कार्य विस्तृतीकरण प्रतिवेदनमा ११८ वटा अधिकारलाई एक हजार ७९५ कार्य जिम्मेवारीमा विस्तृतीकरण गरिएको थियो । तर, ती अधिकार कार्यान्वयनमा जाँदा विविध समस्या देखापरेका छन्, कहीँ संघीय कानुनको अभावमा प्रदेश र स्थानीय तहले कानुन बनाउन नसकेको, कहीँ साझा अधिकारमा बनेका प्रदेश र स्थानीय कानुनी प्रावधान संघीय कानुनसँग बाझिएको, कतिपय अवस्थामा संघको जिम्मेवारी प्रदेश वा स्थानीय तहमा पुगेको, अनि कतिपय प्रदेश र स्थानीय तहमा रहनुपर्ने अधिकार संघमै केन्द्रित भएको अवस्था छ । यसले व्यवहारमा सेवाग्राहीलाई एउटै कामका लागि दुई वा बढी तहमा धाउनुपर्ने अवस्था सिर्जना गरेको छ ।

संघ, प्रदेश र स्थानीय तहमा बनेका कानुन, ती कानुनले परिकल्पना गरेका संरचना र तिनले प्रवाह गरेका सेवाको अध्ययन अनुसन्धान गरेर प्रतिवेदन तयार पार्नुपर्ने देखिन्छ । त्यस्तो प्रतिवेदनका आधारमा सम्बन्धित तहले कानुन संशोधन वा संविधान परिमार्जनका लागि पहल गर्नु उपयुक्त हुन्छ । संविधानलाई प्रभावकारी बनाउन तलबाट-जनताबाट-शक्ति प्रवाह हुनु अनिवार्य हुन्छ । माथिबाट थोपारिएको भन्दा जनताबाट ग्रहण गरिएको कानुन र नीति नै प्रभावकारी हुन्छ तर, बन्नुपर्ने कानुन नबनेका, नबन्नुपर्ने कानुन बनेका, बनेका कानुन कार्यान्वयनमा नगएका, प्रदेश कानुन संघीय कानुनी अवरोधमा परेका, स्थानीय कानुन, प्रदेश कानुनी छेकवारमा फसेका उदाहरण प्रशस्तै छन् । यसकारण समग्र अध्ययन अनुसन्धान आवश्यक छ, जसका आधारमा संघ, प्रदेश र स्थानीय तहले कार्ययोजना बनाउन सक्ने छन् ।

कानुन निर्माण प्रक्रियामा जनप्रतिनिधिको सचेतना र सक्रियता महत्त्वपूर्ण हुन्छ । तर व्यावहारिक रूपमा उनीहरूमा आवश्यक तयारी, छलफल र गहन अध्ययनमा कमी देखिन्छ । यसले गर्दा कर्मचारी प्रशासन नै निर्णय प्रक्रियामा हाबी हुने गरेको छ । भविष्यमा यस्तो नहोस् भन्न जनप्रतिनिधिले अझ सक्रिय र चनाखो भई सरोकारवालासँग निरन्तर छलफल र अन्तरक्रिया बढाउनु जरुरी छ ।

संविधानमा साझा अधिकार सूचीमा रहेका विषयमा प्रदेश वा स्थानीय व्यवस्थापिकाले कानुन बनाइसकेको अवस्थामा संघीय कानुन निर्माण गर्दा तीनको अभ्यासलाई सम्बोधन गर्ने गरी कानुनी व्यवस्था मिलाउनुपर्ने हुन्छ । नेपाल कानुन व्याख्यासम्बन्धी ऐन, २०१० ले यस विषयलाई स्पष्ट पारेको छ । त्यस्तै, संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ ले संघीय कानुन नबनेको अवस्थामा प्रदेश वा स्थानीय तहले कानुन बनाउन सक्ने व्यवस्था गरेको छ । संघले लामो समयसम्म कानुन नबनाउँदा प्रदेश र स्थानीय तह आफैंले कानुन बनाएर कार्यान्वयन गरिरहेका छन् । त्यसैले संघीय कानुन निर्माण गर्नुअघि प्रदेश र स्थानीय तहसँग अनिवार्य परामर्श गर्नुपर्छ तर त्यस्तो भइरहेको छैन । प्रदेश र स्थानीय तह नै नभएझैं गरी संघले कानुन बनाउने गरेको छ ।

प्रदेश र स्थानीय तहले बनाएका र कार्यान्वयन गरिरहेका सफल कानुनी अभ्यासलाई संघीय कानुनी संरचनामा समेट्नु नेपालकै मौलिक अभ्यास हुने छ । अन्य मुलुकका अभ्यासभन्दा आफ्नै देशका असल अभ्यासलाई प्राथमिकता दिनु उपयुक्त हुन्छ । यस सन्दर्भमा राष्ट्रिय सभाले पनि साझा अधिकार सूचीअन्तर्गत बनेका प्रदेश तथा स्थानीय कानुनको अध्ययन गर्न र गर्न लगाउन सक्छ । प्रदेशसभा सदस्य र स्थानीय जनप्रतिनिधिबाट निर्वाचित राष्ट्रिय सभा सदस्यको जिम्मेवारी यसमा महत्त्वपूर्ण हुन्छ । संविधानले तीनै तहका सरकारलाई समन्वय, सहकार्य र सहकारितामा आधारित भई सञ्चालन गर्ने प्रावधान गरेको छ । तर व्यवहारमा प्रभावकारी समन्वयको कमी देखिएको छ । समन्वयले मात्र तीनै तहबीच कानुन निर्माण र कार्यान्वयनमा सहजता ल्याउँछ । त्यसैले राजनीतिक नेतृत्व र कर्मचारी तहमा सहकार्य गर्ने सीप र प्रवृत्ति विकास गर्न जरुरी छ ।

प्रदेशस्तरमा देखिएका समस्या र गुनासो समाधान गर्न मुख्यमन्त्री नेतृत्वको परिषद् तथा दुई वा बढी प्रदेशबीच देखिएका विवाद समाधान गर्न प्रधानमन्त्रीको अध्यक्षतामा रहने अन्तरप्रदेश समन्वय परिषद् गठन गर्ने संवैधानिक व्यवस्था छ तर यी परिषद्हरूलाई अझ सक्रिय र प्राविधिकरूपमा सक्षम बनाउनुपर्ने देखिन्छ । तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल नेतृत्वको सरकारले कार्य विस्तृतीकरण प्रतिवेदन परिमार्जन गर्न प्रत्येक प्रदेशबाट सुझाव संकलन गर्ने निर्णय गरेको थियो । उक्त सुझाव प्रतिवेदन प्रधानमन्त्री कार्यालय र मुख्यमन्त्री कार्यालयमा थन्किएका छन् तर त्यो प्रतिवेदन आजसम्म सार्वजनिक भएको छैन । त्यसलाई पुनः सक्रिय बनाई अन्तरप्रदेश समन्वय परिषद्मार्फत छलफल गराएर प्रदेश र स्थानीय तहबाट आएका सुझावलाई सम्बोधन गर्ने प्रणाली लागू गर्नु आवश्यक छ ।

संविधान र कानुनलाई परिपक्व बनाउन, व्यावहारिक समस्या र कठिनाइलाई सम्बोधन हुनेगरी संशोधन र परिमार्जन सहजीकरण गर्न गराउन सकिन्छ । नयाँ सरकारले पनि संविधान र कानुनमा संशोधन, परिमार्जन गर्नुपर्ने विषयका बारेमा नागरिक तहको सुझाव, सेवाग्राही र कर्मचारीले भोगेका समस्या र समाधान गर्न सकिने उपायका आधारमा अध्ययन गर्न गराउन सक्ने छ । उक्त अध्ययन प्रतिवेदनका आधारमा नागरिकका आधारभूत समस्या सम्बोधन हुनेगरी संविधान संशोधनका लागि गतिलो दस्तावेज बन्न सक्छ । *रासस*

## पाठक मञ्च

# दलहरू सच्चिनुको विकल्प छैन

जेन-जी आन्दोलनले नेपाली राजनीतिमा उथलपुथल ल्याइदिएको छ । भदौ २३ र २४ गते भएको जेन-जी समूहको प्रदर्शनले सत्ता नै उल्टयाइदिएको हो । यो आन्दोलनको क्रममा ७४ जनाले ज्यान गुमाए । सयौं घाइते छन् । सार्वजनिक र निजी संरचनाहरू ध्वस्त भए । आन्दोलनको नराम्रो र दुःखदायी पक्ष रहे यी । यसो हुनुमा आन्दोलनकारीभन्दा राज्य अर्थात् पूववर्ती ओली सरकार नै बढी जिम्मेवार देखिन्छ । यसको अर्थ तोडफोड, आगजनी र लुटपाटमा संलग्नलाई निर्दोष करार गर्नुपर्छ भन्ने भने होइन ।

आन्दोलनको उक्त खराब पाटोलाई बिर्सँदा यसले एउटा नयाँ अवसरको ढोका खोलिदिएको छ । राज्यसत्तामा रहेको शीर्ष नेताहरूको सिण्डिकेट तोडिएको छ । सोच्दै नसोचेको परिणाम जेन-जी आन्दोलनले दिएको छ । राज्यसत्तामा पालैपाले राज जमाएका शीर्ष नेताहरूलाई सत्ताच्युत गरेर युवा पुस्ताले उल्लेखनीय उदाहरण प्रस्तुत गरेका छन् ।

किनकि, जनताले जिताएर पठाएका यी नेताहरू सधैं सत्तामा बसेर आफ्नो स्वार्थपूर्तिका लागिमात्र क्रियाशील रहे । जनताको चाहना र मुलुकको आवश्यकता प्राथमिकतामा परेन । जसकारण जनता मुलुकको राजनीतिबाट, विशेषगरी अहिलेका नेताहरूबाट वाक्कदिक्क भइसकेका थिए । कुनै न कुनै दिन जनआक्रोश विष्फोट हुनु थियो, त्यो केही ढिला हुन सक्थ्यो । तर, जेन-जी आन्दोलनले मात्र दुई दिनमा नसोचेको परिवर्तन गरे ।

जेन-जीको मुख्य माग र सरोकारको विषय हो- भ्रष्टाचार निवारण र सुशासन । यससँगै सामाजिक सञ्जालमाथिको प्रतिबन्ध खोल्नुपर्ने माग लिएर आन्दोलन भएको थियो । यी माग स्वाभाविक छन् । मुलुक र जनताको हितमा छ । त्यसैले यी माग सम्बोधन आजको आवश्यकता बनेको छ । आन्दोलनपश्चात् बनेको चुनावी सरकारको प्राथमिकता पनि यसैमा हुन जरुरी छ ।

त्यसो त चुनावी सरकारको मुख्य दायित्व प्रतिनिधिसभा निर्वाचन सम्पन्न गराउनु हो । तर चुनावसँगै जेन-जी आन्दोलनको म्याण्डेटलाई सम्बोधन गर्न ठोस काम गर्नुपर्ने छ । आन्दोलनका क्रममा ध्वस्त भएका संरचनाको पुनर्निर्माण, मर्मतमा सरकारले तदारुकताका साथ काम गर्नुपर्छ । चुनावी सरकारले धेरै काम गर्ने अपेक्षा गर्नु पनि ठीक हुँदैन । तर मुलुकलाई संक्रमणकालीन अवस्थाबाट पार लगाउँदै खरानीबाट उठाउन पनि काम गर्न जरुरी छ ।

अब रह्यो राजनीतिक दलहरूको सवाल । दलहरू असफल भएको प्रमाणित भइसकेको छ । जनताको नजरमा दल अक्षम भइसकेको छ । त्यस हिसाबले अब फेरि जनविश्वास जित्न कठिन छ दलहरूलाई । सबैभन्दा पहिले त जनविश्वास जित्न आफ्नो कमजोरी स्वीकार गर्दै सच्चिने बाटोमा दलहरू अग्रसर हुनुपर्छ । वर्तमान नेतृत्व ‘फेल’ भइसकेकोले अब नेतृत्व हस्तान्तरणमार्फत दलहरूले रूपान्तरणको सुरुआत गर्नुपर्छ । यसो गर्न नसकिए दलहरू त उठ्न सक्दैनन् नै, मुलुकले पनि फेरि अर्को संक्रमणको अवस्थाबाट गुज्रिनुपर्ने छ । यस्तो अवस्था सिर्जना हुन नदिन दलहरू जिम्मेवार बनून् ।

- अशोक लामा
नुवाकोट (हाल बालाजु, काठमाडौं)

## जानकारी

अब यस दैनिकले हरेक दिन पत्र-मञ्जुषा स्तम्भ सुरु गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । -*संपादक*

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

# गुल्मी अस्पतालका विशेषज्ञ चिकित्सकलाई प्रोत्साहन भत्ता

**गुल्मी (प्रस)**– रेसुंगा नगरपालिकाले विशेषज्ञ चिकित्सकहरूलाई प्रोत्साहन भत्ता उपलब्ध गराउँदै आएको छ। नगरपालिकाले गुल्मी अस्पताल तम्घासमा गत दुई वर्षदेखि विशेषज्ञ चिकित्सकलाई मासिकरूपमा तलबबराबरको रकम प्रोत्साहन भत्ताबापत उपलब्ध गराउँदै आएको छ।

दुर्गम तथा साना जिल्लामा चिकित्सक आउन रुचि नदेखाउने र सरुवा भई आइहाले पनि लामो समय नबस्ने भएकोले उक्त समस्या समाधानका लागि नगरपालिकाले उक्त प्रोत्साहनभत्ता उपलब्ध गराउन थालेको हो। यसअघि गुल्मी अस्पतालमा कार्यरत एक जना विशेषज्ञ चिकित्सकलाई मात्र प्रदान गरिएको प्रोत्साहनभत्ता कार्यक्रममा थप गरी यस वर्षदेखि थप छ जना विशेषज्ञ चिकित्सकलाई उपलब्ध गराउन थालेको रेसुंगा नगरपालिका प्रमुख खिलध्वज पन्थीले जानकारी दिएका छन्।

उनले विशेषज्ञ चिकित्सकबाट गुणस्तरीय सेवा प्रदान गर्न र लामो समय जिल्लामा चिकित्सक टिकाइ राख्नका लागि सरकारले प्रदान गर्ने तलब सुविधा बराबरको रकम प्रोत्साहन भत्ता उपलब्ध गराउँदै आएको जानकारी दिए।

रेसुंगा नगरपालिका र गुल्मी अस्पतालसँग उक्त प्रोत्साहनभत्ता उपलब्ध गराउन आवश्यक कार्य सम्पादनका विषयमा दुवै पक्षबीच सम्झौतासमेत भएको छ। नगरपालिकाले गुल्मी अस्पतालका आन्तरिक चिकित्सा विशेषज्ञ डा. विभव बस्याल, आन्तारिक चिकित्सा विशेषज्ञ डा. सुरेन्द्र क्षेत्री, बालरोग विशेषज्ञ डा. प्रज्ञा शाक्य, स्त्री तथा प्रसूतिरोग विशेषज्ञ डा. सोफिया थापा, हाडजोर्नी तथा नशारोग विशेषज्ञ डा. प्रदीप शिवाकोटी र सामान्य तथा आकस्मिक चिकित्सा विशेषज्ञ डा. अर्जुन केसीलाई उक्त प्रोत्साहन भत्ता उपलब्ध गराउने भएको हो।

प्रोत्साहन भत्ताबापत नगरपालिकाले चिकित्सकका लागि वार्षिक रूपमा ४० लाख रूपैयाँ खर्चिने भएको छ। यस कार्यक्रमबाट गुल्मी अस्पतालको स्वास्थ्य सेवा थप गुणस्तरीय हुने र नागरिकहरूले सहज र सुलभरूपमा विशेषज्ञ सेवा लिनसक्ने बताइएको छ। विगतमा जिल्लामा विशेषज्ञ सेवा उपलब्ध नहुँदा बिरामी उक्त सेवा लिनका लागि पाल्पा र बुटवलसम्म पुग्नुपर्ने बाध्यता रहेको थियो। अहिले सदरमुकाम तम्घासमै विशेषज्ञ सेवा सुरु भएपछि बिरामीलाई राहत मिलेको नागरिक समाज गुल्मीका अध्यक्ष पदमप्रसाद पाण्डेले बताए।

नगरपीलकाले गुल्मी अस्पतालका लागि स्वास्थ्य सेवामा आमनागरिकको सहजरूपमा पहुँच वृद्धि गर्न 'गुल्मी अस्पताल, हाम्रो अस्पताल' भन्ने नाराका साथ अस्पतालको सेवा वृद्धिका लागि आवश्यक सहयोग गर्दै आएको अस्पताल व्यवस्थापन समिति अध्यक्ष गोपालप्रसाद पाण्डेले बताए।

रेसुंगा नगरपालिकाले गुल्मी अस्पतालमा विशेषज्ञ डाक्टर टिकाउन प्रोत्साहन भत्तासहित, मिर्गौला डायलाइसिस मेसिन हस्तान्तरण, हाडजोर्नी विशेषज्ञ सेवामा सहजता, नगरभित्रका दम तथा निमोनियाका बिरामीको घरघरमा अक्सिजन कन्स्नट्रेटर मेसिन सहयोग, मोतियाविन्दुको निःशुल्क शल्यक्रिया र ग्रामीण अल्ट्रासाउण्ड लगायतका सेवाहरू सञ्चालन गरिरहेको छ। गुल्मी अस्पतालमा पछिल्लो समय बिरामीको चाप बढ्दै गएको छ। अस्पतालमा दैनिक सरदर ३०० बिरामीहरू उपचारका लागि आउने गर्दछन्।

# प्राविधिक शिक्षामा जोड दिँदै भोजपुरका सामुदायिक विद्यालय



**भोजपुर**– भोजपुरका सामुदायिक विद्यालयहरूले प्राविधिक शिक्षामा जोड दिएका छन्। शिक्षालाई व्यावहारिकसँगै रोजगारमूलक बनाउने लक्ष्यले प्रविधिमैत्री शिक्षामा जोड दिन थालिएको हो।

भोजपुरका अधिकांश माध्यमिक तहका अधिकांश सामुदायिक विद्यालयले व्यावहारिक र जीवन उपयोगी शिक्षा दिँदै आएका छन्। प्राविधिक शिक्षा लिन चाहने विद्यार्थीका लागि कक्षा ९ बाट कक्षा १२ सम्म यो शिक्षा लिने व्यवस्था गरिएको छ।

यहाँका पञ्चकन्या मावि च्यांग्रे, यशोधरा मावि टक्सार, पञ्चकन्या मावि भुल्ने, सिद्धेश्वर मावि दावालगायत अधिकांश विद्यालयले प्राविधिक शिक्षा दिँदै आएका छन्। यशोधरा माध्यमिक विद्यालयका प्रधानाध्यापक ध्रुवराज रेग्मीले शिक्षालाई व्यावहारिक र समय सुहाउँदो बनाउन प्रविधिमैत्री अभ्यासमूलक शिक्षणमा जोड दिँदै आएको बताए। यसले हरेक विद्यार्थीलाई स्वरोजगार बन्न सहयोग पुग्ने बताए।

राज्यको नीतिअनुसार नै जिल्लाका अधिकांश माध्यमिक तहका सामुदायिक विद्यालयले व्यावहारिक शिक्षामा जोड दिएको प्रधानाध्यापक ध्रुवराज रेग्मीले जानकारी दिए। 'सामुदायिक विद्यालयले प्राविधिकसँगै व्यावहारिक शिक्षामा जोड दिँदै आएका छौं,' उनले भने, 'समयको आवश्यकताअनुसार प्राविधिक शिक्षामा जोड दिनु अपरिहार्य छ। यस्तो शिक्षाले दक्ष जनशक्ति उत्पादनमा टेवा पुग्ने छ।'

पञ्चकन्या माध्यमिक विद्यालय व्यवस्थापन समिति अध्यक्ष टेकराज भट्टराईले शिक्षालाई पराम्परामुखीभन्दा पनि व्यावहारिक र प्रविधियुक्त बनाउन प्रविधिमैत्री शिक्षामा जोड दिइएको बताए।

बिस्तारै विद्यार्थीहरूमा प्रविधिक शिक्षाप्रति आकर्षण बढेको छ। केही समयअघि सार्वजनिक कक्षा १२ को नजितामा परीक्षामा सामेल भएका ६० विद्यार्थीमध्ये ४९ जना प्राविधिकधार र ११ जना साधारणधारतर्फका उत्तीर्ण भएको भट्टराईले बताए। विद्यार्थीलाई अभ्यासका लागि विद्यालय परिसर तथा 'लिज'मा जग्गा लिएर विभिन्न तरकारीखेती गरिएको छ। विद्यार्थीले अकबरे खुर्सानी, च्याउ, टमाटरखेती, आधुनिक तरिकाबाट धान, मकैखेती, माछापालन, काउली, एभोकाडो खेतीसँगै अन्य कृषिका विषयमा अभ्यासमार्फत ज्ञान लिँदै आएका छन्। *रासस*

# प्रहरी कार्यालयहरूको मर्मतमा जुटे स्थानीयवासी

**भक्तपुर**– जेन-जी प्रदर्शनका क्रममा गत भदौ २४ गते जलाइएका भक्तपुरका दुई प्रहरी वृत्तसहित १७ वटा प्रहरी प्रभाग एवं एकाइहरू स्थानीयको आर्थिक सहयोगमा धमाधम मर्मत गरिएका छन्।

जगाती प्रहरी वृत्त र थिमि प्रहरी वृत्तको मर्मत जारी छ भने कतिपय प्रहरी प्रभाग एवं चौकीहरू स्थानीयले मर्मत गरिरहेका छन्। आगजनीबाट ध्वस्त जिल्ला ट्राफिक प्रहरी कार्यालयले एउटा कोठाबाट काम सुरु गरेको छ। स्थानीयको आर्थिक सहयोगमा भवन मर्मत सुरु गरिएको छ।

चार वर्ष अगाडि व्यवसायी नवीन प्रजापतिको संयोजकत्वमा निर्माण गरिएको भवन जलाइएपछि पुनः प्रजापतिकै नेतृत्वमा सरसफाइ गरी एउटा कोठाबाट सेवा सुरु गरिएको ट्राफिक प्रहरी निरीक्षक प्रदीप खत्रीले जानकारी दिए।

सूर्यविनायक नगरपालिका-८ सिपाडोलका वडाअध्यक्ष पुष्पराज बस्नेतको नेतृत्वमा निर्माण उपभोक्ता समिति गठन गरेर वडावासीसहितले प्रहरी वृत्त जगातीको भवन चारदिनदेखि सफाइ र प्लास्टर गरिरहेका छन्। प्रहरी वृत्त मर्मतका लागि करिब ३५ देखि ४० लाख रूपैयाँ लाग्ने अनुमान गरिएको छ। 'हामी वडावासी, व्यवसायी, नागरिक समाजबाट आर्थिक सहयोग जुटाएर प्रहरी वृत्तलाई पुरानै अवस्थामा ल्याउन जुटिरहेका छौं, आजसम्म जलेका भाग पन्छाइयो, कालो पखालेर प्लास्टर गर्ने, चिप्स राख्ने काम गरिरहेका छौं,' उनले भने।

प्रहरीले यहाँको सेवा प्रहरी प्रभाग डोलेश्वरको भवनबाट दिइरहेको छ। आगजनीबाट सूर्यविनायक-७ गुण्डु प्रहरी चौकीको भवन पूर्णरूपमा क्षतिग्रस्त भएपछि स्थानीयकै सहयोगमा पुनर्निर्माण भइरहेको वडाध्यक्ष रवीन्द्र सापकोटाले जानकारी दिए। कटुञ्जेको सामुदायिक प्रहरी कार्यालय पनि स्थानीयको सहयोगमा मर्मत भइरहेको छ।

चाँगुनारायण नगरपालिका-८ स्थित प्रहरी चौकी सुडालको भवन आगजनीबाट पूर्णरूपमा क्षति भएपछि वडाध्यक्ष जनक खत्रीको नेतृत्वमा स्थानीयबाट संकलित रकमबाट मर्मत भइसकेको छ। चाँगुनारायण प्रहरी चौकीको भवन पनि स्थानीयले मर्मत सुरु गरेका छन्। वडा नं. १ सरस्वतीखेलमा रहेको प्रहरी युनिटको कार्यालय मर्मत गरी सञ्चालन गरिएको वडाध्यक्ष सिजन कार्कीले जानकारी दिए।

मध्यपुरथिमिस्थित प्रहरी वृत्त भवन मर्मत भइरहेको छ। अभियन्ता अनिश वैद्यको नेतृत्वमा सरसफाइ र मर्मत भइरहेको हो। अभियन्ता वैद्यले भने, 'प्रहरी वृत्त थिमिको गेट नै फेरेका छौं, अहिलेसम्म नौ लाखभन्दा बढी आर्थिक सहयोग स्थानीय नागरिक एवं दाताबाट संकलन भएको छ। करिब २५ देखि ३० लाख खर्च हुने अनुमान छ।' स्थानीयले सानोठिमी प्रहरी प्रभागको मर्मतसँगै रङरोगन गरी हस्तान्तरण गरेका छन् भने मनोहरा किनारमा रहेको दिश्वश्वरी प्रहरी चौकीको भवन पनि स्थानीयले मर्मत गरी हस्तान्तरण गरिएको छ। *रासस*


## ओमनमा रोजगार

कम्पनी : TEA TIME CORNER

पूर्व स्वीकृति मिति : २०८२/०१/१२ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०६/०२ | LT. No. 322624 | चलानी नं. ६०२३६६१७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव OR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | waiter (male) | 2 | 0 | 140 | ५१,१९० | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | waiter-coffe shop | 1 | 0 | 140 | ५१,१९० | | | | | | | |
| 3 | sandwich maker | 1 | 0 | 150 | ५४,८४५ | | | | | | | |
| 4 | pastries maker/baker | 1 | 0 | 150 | ५४,८४५ | | | | | | | |
| 5 | juice maker (fresh juice) | 4 | 0 | 130 | ४७,५३५ | | | | | | | |
| 6 | confectioners | 3 | 0 | 130 | ४७,५३५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ असोज १० गते (26th Sep. 2025) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

Govt.Lic. No 1726/081/082

S.N.K. FACILITIES MANAGEMENT PVT. LTD.
Bafal-13, Kathmandu, Nepal, T: 01-5922923
Mob: 9851049837, 9860603888/ 9802378893, Email:- snkhrc@gmail.com, Web: www.snkmanpower.com



## युएइमा रोजगार

कम्पनी : UNITED INTERNATIONAL GROUP-MANPOWER RECRUITMENT DIVISION LLC

पूर्व स्वीकृति मिति : २०८१/०९/०३ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०६/०२ | LT. No. 315596 | चलानी नं.६०२२९८३३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Steel fixer | 17 | 0 | 1200 | ४५,८२५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Mason | 39 | 0 | 1200 | ४५,८२५ | | | | | | | |
| 3 | Carpenter | 38 | 0 | 1200 | ४५,८२५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ असोज १० गते (26th Sep. 2025) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

LIC 1675/080/81

STRIKEFORCE ASIA RECRUITMENT PVT. LTD
Tokha -07, Basundhara, Kathmandu, Nepal Tel : +977-9849476159, 9869416889, 9869730362 E-mail : strikeforceasiarecruitment@gmail.com



## युएइमा रोजगार

कम्पनी : SAMA AL REYADH TECH. CONT.

पूर्व स्वीकृति मिति : २०८२/०६/०२ | LT. No. 331236 | चलानी नं. ६०२४५०१४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Plumber | 12 | 0 | 1500 | ५७,२८५ | श्र.नि अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि अनुसार | छ | छ | २ वर्ष |
| 2 | Electrician general | 13 | 0 | 1500 | ५७,२८५ | | | | | | | |

कम्पनी : RAJSHRI SHAHI TECHNICAL SERVICES

पूर्व स्वीकृति मिति : २०८२/०६/०२ | LT. No. 331237 | चलानी नं. ६०२४५०१५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Duty Worker | 9 | 0 | 1200 | ४५,८२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : BLUE RECTANGLE INTERIOR DECORATION L.L.C

पूर्व स्वीकृति मिति : २०८२/०६/०२ | LT. No. 331235 | चलानी नं. ६०२४५०१३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker/P.O. | 40 | 0 | 1200 | ४५,८२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ असोज १० गते (26th Sep. 2025) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

MANPOWER SCAN
Govt. License No. 1609/079/080

MANPOWER SCAN PVT. LTD.
Sahitya Marga, Behind Dwarika Hotel, Gaushala-09, Kathmandu, Nepal, Nepal, Tel: 015915369, 5914369
E-mail : info@manpowerscan.com.np, Web: www.manpowerscan.com.np



## Invitation for Bids

**Mahadev Multiple Campus**

**Belkotgadhi-7, Ratmate, Nuwakot**

**First Date of Publication : 2082/06/03 B.S.**

Mahadev Multiple Campus, Belkotgadhi-07, Ratmate, Nuwakot invites electronic bids from duly eligible and qualified bidders for the procurement of the following works under NCB Single Stage Single Envelope Bidding Procedures. The name and identification of contract is mentioned below:

| S. N | Contract ID | Name of Procurement | Estimated Amount (Without VAT & Contingencies) (NRs) | Bid Security (NRs) | Bid Document Fee (NRs) | Bid Validity |
|---|---|---|---|---|---|---|
| 1 | MMC/NCB/ Works/ 01/2082/83 | Construction of College Building for Mahadev Multiple Campus, Belkotgadhi Municipality Ward No.7 | 5,523,174.92 | 165,000.00 | 3,000 | 90 Days |

**Last Date of Bid Submission** : 2082/07/02 (2025 October 19) 12 pm
**Date, Time and Place of Bid Opening** : 2082/07/02 (2025 October 19) 2 pm
**For Bid Document Purchase:**
**Account No.** : 09400100199978000001
**Account Name** : Mahadev Multiple Campus
**Bank Name and Branch:** : Jyoti Bikash Bank Ltd, Ratmate Branch
**For Bid security:**
**Account No.** : 09400100199978000001
**Account Name** : Mahadev Multiple Campus
**Bank Name and Branch:** : Jyoti Bikash Bank Ltd, Ratmate Branch
**For more Details, please visit http://www.bolpatra.gov.np/egp**



## बीमालेख हरायो

सानिमा रिलायन्स लाइफ इन्स्योरेन्सबाट जारी भएको निम्न व्यहोराको बीमालेख काठमाडौंको जोरपाटीबाट हराएको हुँदा, फेला पार्नुहुने महानुभावले नजिकैको प्रहरी कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गर्दछौं।

**नाम - सेरन मानन्धर**
**बीमालेख नं - ३१३०००००१२९**



## बेविलोन उपभोक्ता सहकारी संस्था लि.


का.म.न.पा-७, चावहिल, काठमाडौं, सम्र्पक नं.०१-४५९७९२१

### कर्जा चुक्ता गर्न आउने ३५ दिने अत्यन्त जरूरी सूचना

*प्रथम पटक प्रकाशित मिति २०८२/०६/०३*

यस संस्थाबाट तपसिलका सदस्यले आफ्नो व्यवसाय सञ्चालन गर्न निम्न लिखित अचल सम्पत्ति धितो राखी लिनुभएको कर्जालाई यस संस्थासँग गरेको सम्झौता वमोजिम समय-समयमा तिर्नु बुझाउनु पर्ने साँवा, व्याज तथा अन्य दस्तुर चुक्ता भुक्तान गर्न पटक-पटक लिखित तथा मौखिक ताकेता गर्दा समेत ऋणी तथा जमानतकर्ताले सो को पूर्ण बेवास्ता गर्दै कर्जा चुक्ता गर्न कुनै चासो नदेखाउनु भएकोले यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिनभित्र कर्जा चुक्ता भुक्तानी हुने मिति सम्मको सम्पूर्ण साँवा, व्याज तथा अन्य दस्तुर रकम फछ्र्योट गर्न/गराउनको लागि सम्बन्धित ऋणी तथा जमानतकर्ता समेतलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ र यो सूचनाको समेत बेवास्ता गरी बस्नु भएमा यस संस्थाले प्रचलित ऐन, नियम कानून, विनियम वमोजिम धितो सुरक्षण लिलाम विक्रीको प्रक्रिया अगाडि बढाउने व्यहोरा पनि जानकारी गराइन्छ। सोह्र

**तपसिल**

| सि.नं. | ऋणीको नाम | फोटो | जमानीको नाम | फोटो |
|---|---|---|---|---|
| १ | **ऋणी** : गजेन्द्र प्रसाद चौधरी<br>**हजुरबुवा** : राम आषिश चौधरी<br>**बुवा** : चन्द्रेश्वर चौधरी<br>**ना.प्र.प.नं.** २६०४३८९८<br>**स्थायी ठेगाना** : धनगढा गा.वि.स वडा नं. ६, सर्लाही |  | **नाम : निरञ्जन चौधरी**<br>**ठेगाना : शंकरपुर वडा नं ३, सर्लाही**<br>**बुवा : भोला चौधरी**<br>**ना.प्र.नं १९/०६/७४/००१६३** | |
| २ | **ऋणी** : रिमा गुरुङ<br>**पति** : वसन्त बहादुर गुरुङ<br>**बुवा** : अर्जुन बहादुर गुरुङ<br>**ना.प्र.प.नं.** २४-०१-७३-०६२२७<br>**स्थायी ठेगाना** : चोकटी गा.वि.स वडा नं.१, सिन्धुपाल्चोक |  | **नाम : इश्वर घले**<br>**ठेगाना : मानेश्वाँरा वडा नं २, सिन्धुपाल्चोक**<br>**बुवा : अर्जुन बहादुर घले**<br>**ना.प्र.नं १३९९०५** | |
| ३ | **ऋणी** : सरस्वती अर्याल<br>**हजुरबुवा** : लाल बहादुर अर्याल<br>**बुवा** : चक्र बहादुर अर्याल<br>**ना.प्र.प.नं.** १०६३/१०७<br>**स्थायी ठेगाना** : तालामाराङ-५, सिन्धुपाल्चोक |  | **नाम : जीवन शेर्पा**<br>**ठेगाना : दोलखा माली वडा नं ६, दोलखा**<br>**बुवा : प्रेमदोर्ची शेर्पा**<br>**ना.प्र.नं २२१०३६/२२५** | |
| ४ | **ऋणी** : सुनिता लामा<br>**हजुरबुवा** : जीत बहादुर तामाङ<br>**बुवा** : सुरेश लामा<br>**ना.प्र.प.नं.** २७१०६०/१८९२८<br>**स्थायी ठेगाना** : का.म.न.पा-१५, स्वयम्भु |  | **नामः दामो तामाङ लामा**<br>**ठेगाना : का.म.न.पा. १५ स्वयम्भु, काठमाडौं**<br>**बुवाः श्रीमान तामाङ**<br>**ना.प्र.नं २७१०६०/२००६५** | |
| ५ | **ऋणी** : बज्र जित लामा<br>**हजुरबुवा** : राम जित लामा<br>**बुवा** : रण जित लामा<br>**ना.प्र.प.नं.** ६८०३०<br>**स्थायी ठेगाना** : शिखर अम्ओटे-१, काभ्रेपलाञ्चोक |  | **नाम : बेली तामाङ**<br>**ठेगाना : रोशी गाउँपालिका, काभ्रेपलञ्चोक**<br>**बुवा : कदिमान तामाङ** | |
| ६ | **ऋणी** : बिना राना<br>**पति** : थिर बहादुर राना<br>**बुवा** : धन प्रसाद श्रेष्ठ<br>**ना.प्र.प.नं.** ३९७४/२६१४०<br>**साविक ठेगाना** : ताप्लेजुङ, फङलिङ-५<br>**हालः** भोजपुर जिल्ला, कोशी प्रदेश |  | **नाम : थिर बहादुर राना**<br>**ठेगाना : ताप्लेजुङ ५ ताप्लेजुङ**<br>**बुवा : खड्क बहादुर राना**<br>**ना.प्र.नं १३९९०५** | |
| ७ | **ऋणी** : बिजय कुमार यादव<br>**हजुरबुवा** : मक्किरा यादव<br>**बुवा** : किश्वरी राय<br>**ना.प्र.प.नं.** १९-०१-७४-०९८४१<br>**स्थायी ठेगाना** : धनकौल गा.वि.स. वडा नं.६, सर्लाही |  | **नाम : पासाङ शेर्पा**<br>**ठेगाना : काभ्रेपलाञ्चोक बनेपा न.पा. ६**<br>**बुवा : निम्छिम्बी शेर्पा**<br>**ना.प्र.नं १४५१६३** | |
| ८ | **ऋणी** : लक्ष्मी माया तामाङ<br>**पति** : पेम्बा दोर्जी तामाङ<br>**बुवा** : पदम बहादुर तामाङ<br>**ना.प्र.प.नं.** ११-०१-७०-०१२१०<br>**साविक ठेगाना** : सल्लेरी गा.वि.स. वडा नं.५, सोलुखुम्बु |  | **नाम : रिमा लामा**<br>**ठेगाना : दोलखा भुषाफेदा २**<br>**बुवा : यूवराज लामा**<br>**ना.प्र.नं २२१००९/१३५** | |
| ९ | **ऋणी** : बुद्ध बहादुर थापा<br>**हजुरबुवा** : लाल बहादुर थापा<br>**बुवा** : कमल बहादुर थापा<br>**ना.प्र.प.नं.** २००८५<br>**साविक ठेगाना** : लापिलाङ-१, दोलखा |  | **नाम : भानु थापा**<br>**ठेगाना : कागेश्वरी न.पा. १, मुलपानी, काठमाडौं**<br>**बुवा : कमल बहादुर थापा** | |
| १० | **ऋणी** : पुष्कर खड्का<br>**हजुरबुवा** : यम बहादुर खड्का<br>**बुवा** : बोल बहादुर खड्का<br>**ना.प्र.प.नं.** ०१-०६६-०२५०६<br>**साविक ठेगाना** : काभ्रेपलाञ्चोक<br>**हालः** नयाँबस्ती, बौद्ध |  | **नाम : योग राज लामा**<br>**ठेगाना : मथुरापटी फूलवारी, काभ्रेपलाञ्चोक**<br>**बुवा : चमान सिंह तामाङ** | |
| ११ | **ऋणी** : बिजय तामाङ<br>**हजुरबुवा** : सानु तामाङ<br>**बुवा** : दिनेश तामाङ<br>**ना.प्र.प.नं.** ३०-०१-७२-०११७६<br>**स्थायी ठेगाना** : काभ्रेपलाञ्चोक जिल्ला, चापाखोरी गा.वि.स. वडा नं.७ |  | **नामः श्यामहरी पुडासैनी**<br>**ठेगाना : डाँछी गा.वि.स.वडा नं ९, काठमाडौं**<br>**बुवाः झम्कनाथ पुडासैनी**<br>**ना.प्र.नं १७४०२/०४६/३/५** | |
| १२ | **ऋणी** : लक्ष्मी गुरुङ<br>**हजुरबुवा** : झाक्री लामा<br>**बुवा** : च्याङ्बा लामा<br>**ना.प्र.प.नं.: ४६-०१-६९-३२६६**<br>**स्थायी ठेगाना** : पोखरा उ.म.न.पा-९, कास्की |  | **जमानी** : मन्दिरा प्रधान<br>**बुवा** : दिल बहादुर कामी<br>**पति** : गणेश बहादुर प्रधान<br>**ना.प्र.प.नं.: २१-०१-७७-०३९५६**<br>**स्थायी ठेगाना** : रामेछाप न.पा वडा नं-३, रामेछाप | |

# प्रभाव दैनिक


रूपशाला

**'सोल्टिनी'को टिजर सार्वजनिक**

नेपाली चलचित्र 'सोल्टिनी'को टिजर बिहीबार सार्वजनिक गरिएको छ । कात्तिक ६ गते भाइटिकाको दिन प्रदर्शन हुने चलचित्रको टिजरमा प्रकाश सपुत र परीक्षा लिम्बुबिचको प्रेम र समाजको कठोर यथार्थ देखाइएको छ । अर्जुन सुवेदी निर्देशित चलचित्रमा प्रकाश र परीक्षासँगै विल्सन विक्रम राई, सब्बु गुरूङ, रवीन्द्र झा, प्रकाश घिमिरे, प्रेम सुब्बा, कविता आले, सुन्दर धिताल, सुजन खतिवडालगायत कलाकारको अभिनय छ ।




शुक्रबार, ०३ असोज २०८२ (Friday, 19 September 2025)


# 'माइतीघर'को ट्रेलर सार्वजनिक

■ प्रभाव संवाददाता



**काठमाडौं–** दशैंको फूलपातीको अवसर पारेर असोजको १३ गते फूलपातीबाट रिलिजमा आउन लागेको फिल्म 'माइतीघर'को ट्रेलर सार्वजनिक गरिएको छ । आज सार्वजनिक गरिएको ट्रेलरमा कमेडी, प्रेम, विछोड, संस्कृतिको कुरा छ । ट्रेलर पावरफूल देखिएको छ । पारिवारिक कथामा यो फिल्म बनेको छ । मिलन तामाङको निर्देशनमा तयार भएको यो फिल्ममा धिरज मगर, उपासना सिंह ठकुरी, श्यामा श्री शेर्पा, केदार प्रसाद घिमिरे, प्रकाश सपुत, वुद्दि तामाङ, शिशिर वाङ्देल, युवराज लामा, रजनी गुरुङ लगायतका कलाकारहरूको अभिनय छ ।

रविन शेरचन र धिरज तामाङको लगानी रहेको फिल्ममा ईश्वर श्रेष्ठ र निरज कटुवाल कार्यकारी निर्माताको रूपमा छन् ।

रामशरण पाठकको लेखन रहेको फिल्ममा सुशन प्रजापतिको डीओपी, सुरेन्द्र पौडेलको सम्पादन छ । फिल्मका सह-सम्पादक अंकित तिवारी हुन् ।

रोहित अधिकारी फिल्मस् प्रा.लिको व्यानरमा निर्माण भएको यो फिल्मको ट्रेलरमा कलाकार केदार प्रसाद घिमिरेको कमेडी बलियो देखिएको छ ।

यस्तै, फिल्मले तामाङ संस्कृतिको कथालाई पनि बलियो रूपमा उठाएको छ । स्वर्गीय जयदेवको संगीत रहेको फिल्ममा कविराज गहतराजको र किरण थापाको कोरियोग्राफी, समिर मिया र सत्यम रानाको भीएफएक्स, साहिल खानको ट्रेलर, अष्ट महर्जनको एक्सन छ ।

दशैंको समयमा पारिवारिक कथा निकै चल्ने भएकाले पनि दर्शकका लागि यो फिल्म ट्रेलर सार्वजनिक भएपछि अझै प्रतिक्षित बन्ने देखिएको छ । फिल्मको शीर्ष गीतले दर्शकको मन जितिसकेको छ ।

# 'वरिष्ठ बलराम'को पोस्टरमा दयाहाङ र विजय

**काठमाडौं (प्रस)–** तिहारको भाइटीकामा रिलिजको तयारीमा रहेको चलचित्र 'वरिष्ठ बलराम'को पोस्टर सार्वजनिक भएको छ । सुरेन्द्र पौडेलको निर्देशनमा निर्माण भएको चलचित्रका दुईवटा पोस्टर सार्वजनिक भएका हुन् ।

सार्वजनिक पहिलो पोस्टरमा चलचित्रका मुख्य दुई कलाकार दयाहाङ राई र विजय बरालसँगै अन्य कलाकार पनि छन् । दयाहाङ विजयले मुख्य स्थान पाएको पोस्टरमा बाँकी अन्य कलाकारलाई पनि देख्न सकिन्छ । अनुहार थोरै बडी पार्टमा देखिएका दयाहाङ सोचमग्न छन् । विजय पनि केही सोच्दै रिसाएको भावमा कसैलाई नियालिरहेका छन् ।

पोस्टरमा समृद्धि अर्याल भने दन्तलहर देखाएर मुस्कानमा देखिएकी छन् । मुख्य तीन कलाकार दयाहाङ, विजय र समृद्धिसँगै अन्य पाँच कलाकार पनि पोस्टरमा देखिएका छन् । उनीहरू तीनवटा बाइकमा कसैलाई पिछा गरिरहेका छन् । एउटा बाइक भने विजय स्वयंले चलाएका छन् । अर्को एउटा बाइक मधेसीको गेटअपमा प्रदीप चौधरीले चलाइरहेका छन् ।

पोस्टरले चलचित्रको कथा के हो भन्नेमा कौतुहलमा सिर्जना गरेको छ । अर्को पोस्टरमा मुख्य कलाकारद्वय दयाहाङ र विजय छन् । जसमा यी दुई एकअर्काविरुद्ध उत्रिएका छन् । घम्साघम्सी गरिरहेको यो पोस्टरले उनीहरू दुई आफ्नो अस्तित्वका लागि संघर्ष गरिरहेको प्रष्ट पार्छ । जो एकले अर्कोलाई सक्काएर आफू वरिष्ठ भएको प्रमाणित गर्न चाहने यो पोस्टरले संकेत गरेको छ । पृष्ठभूमिमा राजमार्ग छ । जहाँ टिपर छन् । उनीहरू ठेक्कापट्टामा रहेका हुन कि भन्ने अनुमान लगाउन सकिन्छ ।

कात्तिक ६ गते भाइटीकामा रिलिज हुने 'वरिष्ठ बलराम' पोस्ट प्रोडक्सनमा छ । 'वरिष्ठ बलराम'मा दयाहाङ राई, विजय बराल, समृद्धि अर्याल, पशुपति राई, माओत्से गुरुङल, भोलाराज सापकोटा, रामबाबु रेग्मी, प्रदीप कुमार चौधरी (पीके) लगायत कलाकारको अभिनय छ ।

निर्देशक पौडेलकै कथा र सम्पादन रहेको चलचित्रको पटकथा महेश दवाडीले लेखेका हुन् । वृषभ सिद्धी इन्टरटेनमेन्टको प्रस्तुतिमा आन्भी फिल्मसको सहकार्य रहेको चलचित्रमा आशिष एच तामाङ र श्रीराज कार्की निर्माता छन् । सामाजिक कथावस्तुमा आधारित 'वरिष्ठ बलराम'को छायांकन चितवनका विभिन्न स्थानमा गरिएको हो । मनकृष्ण महर्जनको छायांकन रहेको चलचित्रमा तारानाथ न्यौपाने मुख्य सहायक निर्देशक छन् । प्रशान्त शिवाकोटीको संगीत, सम्राट बस्नेतको एक्सन निर्देशन, प्रदीप लामाको नृत्य निर्देशन छ ।




# अस्कर अवार्डमा नेपालबाट 'अञ्जिला' सिफारिस




■ प्रभाव संवाददाता

**काठमाडौं–** 'द एकेडेमी अफ् मोसन पिक्चर आर्ट्स एण्ड साइन्सेस (अस्कर अवार्ड)' मा नेपालको प्रतिनिधित्व 'अञ्जिला' चलचित्रले गर्ने भएको छ । नेपालस्थित अन्तरराष्ट्रिय फिचर चलचित्र छनोट समिति (नेपाल)ले अमेरिकामा आयोजना हुने ९८औं 'अस्कर अवार्ड' मा 'अन्तरराष्ट्रिय फिचर फिल्म' विधामा नेपालबाट 'अञ्जिला' चलचित्र सिफारिस भएको जानकारी दिएको हो ।

उक्त समितिका अध्यक्ष विमल पौडेलले प्राप्त चलचित्रमध्येबाट विषयवस्तु र कलात्मकता प्रस्तुति, त्यसले दिएको सन्देशलाई मध्यनजर गर्दै 'अञ्जिला' लाई प्रतिनिधित्व गराउने निर्णय भएको जानकारी दिए । उनले भने, 'चलचित्रको गहन मूल्याङ्कनपश्चात् प्राविधिक पक्ष, कथाको प्रस्तुति, चरित्रको भावनात्मक विश्लेषण र कलात्मक सिल्पलाई ध्यानमा राखेर हामीले चलचित्र छनोट गरेका हौं ।'

उनले अस्करमा प्रतिस्पर्धा गर्नका लागि दुई नेपाली कथानक चलचित्र 'गुन्यू चोलो (द ड्रेस) र 'अञ्जिला' प्राप्त भएको जानकारी दिए । चलचित्र अञ्जिला नेपाली महिला फुटबल टिमकी गोलरक्षक अञ्जिला तुम्बापो सुब्बाको जीवनीमा आधारित छ । खेलाडी सुब्बाले अभिनय गरेको चलचित्रलाई मिलन चाम्सले निर्देशन गरेका हुन् ।

उक्त चलचित्रका निर्माता प्रेमकुमार श्रेष्ठले खेलाडीका विषयमा बनेको चलचित्रले नेपालको तर्फबाट प्रतिनिधित्व गर्नु गौरवको विषय भएको बताए । 'नेपालले खेलमा राम्रो प्रगति गरिरहेको छ, सोही कारण हामीले खेलाडी सुब्बाको जीवनी र सङ्घर्षलाई समेटेर चलचित्र तयार गरेका हौं', उनले भने ।

यसले नेपालको सुन्दरतासँगै महिला खेलाडीको संघर्षपूर्ण यात्रा र सफलताको कथा समेटेको श्रेष्ठको भनाइ छ । यो अन्यका लागि प्रेरणाको स्रोत बन्ने उनले विश्वास व्यक्त गरे ।

चलचित्र अञ्जिलामा खेलाडी सुब्बासँगै दयाहाङ राई, सिर्जना सुब्बा, माओत्से गुरुङ, बुद्धि तामाङलगायत कलाकारले अभिनय गरेका छन् । गत वर्ष नेपालमा प्रदर्शन भएको उक्त चलचित्रले घरेलु बजारमा रु नौ करोडको हाराहारीमा व्यापार गरेको निर्माण पक्षले जनाएको छ ।

## रंगशाला

साफ यू-१७ च्याम्पियनसिप

# बंगलादेशसँग नेपाल ४-० ले पराजित



■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपालले दक्षिण एसियाली फुटबटबल महासंघ (साफ) यु-१७ च्याम्पियनसिपमा बिहीबार बंगलादेशसँग ४-० को फराकिलो हार बेहोरेको छ । बिहीबार कोलोम्बो रेसकोर्समा भएको समूह ए को खेलमा पराजित भएपछि नेपालले सेमिफाइनल पुग्न अन्तिम खेलको नतिजा पर्खनुपर्ने भएको छ ।

विजयी सुरुआतसँगै तीन अंक जोडेको बंगलादेश समूह 'बी' को शीर्ष स्थानमा उक्लिएको छ । पराजित नेपाल दुई खेलबाट तीन अंकका साथ दोस्रो स्थानमा छ ।

पहिलो खेलमा नेपालले श्रीलंकालाई २-० ले पराजित गरेको थियो ।

बंगलादेशसँगको खेल बराबरी मात्र खेलेको भए नेपाल सेमिफाइनल पुग्ने थियो भने जितले नेपाल समूह विजेता बन्दै अन्तिम चारमा पुग्ने थियो । तर नतिजा नेपालको पक्षमा रहेन । बंगलादेशले उत्कृष्ट प्रदर्शन गर्दै नेपालमाथि दबाब राख्यो । पहिलो हाफमा एक गोल मात्र गरेको बंगलादेशले नेपाल विरुद्ध दोस्रो हाफमा तीन गोल थपेको हो ।

समूह ए मा बंगलादेश र नेपालको समान ३ अंक छ । तर नेपालले दुवै खेल खेलिसकेको छ भने बंगलादेशले श्रीलंकासँग खेल्न बाँकी छ ।

बंगलादेशका लागि मो. सबिर इस्लामले ३०औं मिनेटमा पहिलो गोल गरे थिए । यस्तै अपु रहेमानले ४९औं, मो. आरिफले ५०औं र मो. मानिकले ६६औं मिनेटमा गोल गरेका थिए ।

## एनपिएलको उद्घाटन खेलमा टिकटको रकम प्रधानमन्त्री राहत कोषमा

**काठमाडौं (प्रस)–** नेपाल प्रिमियर लिग (एनपिएल) को पहिलो खेलमा टिकट बिक्रीबाट उठेको रकम प्रधानमन्त्री राहत कोषमा जम्मा हुने भएको छ ।

नेपाल क्रिकेट संघ (क्यान) ले बिहीबार खेलाडी उक्त घोषणा गरेको हो । एनपिएलको दोस्रो संस्करण मंसिर १ देखि २७ गतेसम्म हुँदैछ । प्रतियोगितामा साबिक विजेता जनकपुर बोल्ट्ससहित सुदूरपश्चिम रोयल्स, लुम्बिनी लायन्स, पोखरा एभेन्जर्स, कर्णाली याक्स, चितवन राइनोज, काठमाडु गोर्खाज र विरागनगर किंग्सले प्रस्पिर्धा गर्नेछन् । प्रतियोगिताको पहिलो संस्करण २०८१ मंसिर १५ देखि पुस ६ गतेसम्म त्रिवि क्रिकेट मैदानमा भएको थियो ।

## नेपालको वरीयता यथास्थानमा

**काठमाडौं (प्रस)–** पाकिस्तानबाहेक दक्षिण एसियाली फुटबल महासंघ (साफ)का कुनै पनि राष्ट्र फिफा वरीयतामा आफ्नो स्थान सुधार गर्न चुकेका छन् । फिफाले बिहीबार सार्वजनिक गरेको नयाँ वरीयतामा पाकिस्तानले दुई स्थान सुधार गरेको छ । नयाँ वरीयतामा पाकिस्तान १९९औं स्थानमा छ । त्यसअघि पाकिस्तान २०१ स्थानमा थियो । साफमा भारत शीर्ष स्थानमा यथावत् रहेको छ । एक स्थान खस्किए पनि भारत १३४औं स्थानमा छ ।

अफगानिस्तान १६१ र माल्दिभ्स १७१औं स्थानमा छ । यी दुई राष्ट्रको वरीयता यथावत् छ । नेपालको पनि वरीयता १७६औं स्थानमा यथावत् नै छ । यी राष्ट्रबाहेक बंगलादेश र भुटान पनि क्रमशः १८४ र १८६औं स्थानमा यथावत् छन् ।

# वेस्ट इन्डिजसँग खेल्ने नेपाली क्रिकेट टोलीको बिदाइ



■ प्रभाव संवाददाता

**काठमाडौं–** वेस्ट इन्डिजविरुद्ध युनिटी कप ट्वान्टी-२० शृंखलाका लागि युएई जाने नेपाली क्रिकेट टोलीको बिदाइ भएको छ । नेपाल क्रिकेट संघ (क्यान)ले बिहीबार त्रिवि क्रिकेट मैदान कीर्तिपुरमा टोलीको बिदाइ गरेको हो । कार्यक्रममा राष्ट्रिय खेलकुद परिषद्(राखेप) का सदस्यसचिव टंकलाल घिसिङ, क्यान उपाध्यक्ष रोशन सिंह सचिव पारस खड्कालगायतको उपस्थिति थियो ।

कप्तान रोहित पौडेलले पनि यो ऐतिहासिक सिरिज खेल्न उत्साहित रहेको बताउँदै सिरिजमा राम्रो प्रदर्शन गर्ने र विश्वकपमा छनोट पनि भएर फर्कने प्रतिबद्धता व्यक्त गरे । त्यसअघि जेनजी आन्दोलनमा ज्यान गुमाएका व्यक्तिहरूप्रति श्रद्धाञ्जली अर्पण गर्दै दीप प्रज्वलन पनि गरिएको थियो ।

नेपाल र वेस्ट इन्डिज पहिलो पटक ट्वान्टी-२० शृंखलामा प्रतिस्पर्धा गर्दैछन् । शृंखला सेप्टेम्बर २७ देखि ३० सम्म संयुक्त अरब इमिरेट्स (युएई) को शारजाह क्रिकेट मैदानमा हुनेछ । नेपालले यो शृंखलालाई आइसिसी ट्वान्टी-२० विश्वकप एसिया छनोटको तयारीका रूपमा लिएको । शृंखलाका खेल सेप्टेम्बर २७, २९ र ३० मा हुनेछ । शृंखलामा नेपाल रोहितकुमार पौडेल र वेस्ट इन्डिज अकिल हुसेनको कप्तानीमा मैदान उत्रिनेछन् ।

**नेपाली टोली**

रोहितकुमार पौडेल (कप्तान), कुशल भुर्तेल, लोकेस बम, दीपेन्द्र सिंह ऐरी (उपकप्तान), कुशल मल्ल, आसिफ सेख (विकेटकिपर), आदील आलम, सोमपाल कामी,करण केसी, नन्दन यादव, सन्दीप लामिछाने, आरिफ सेख, सन्दीप जोरा, ललितनारायण राजवंशी, गुलशन कुमारझा, साहब आलम

**वेस्ट इन्डिज टोली**

अकिल होसेन (कप्तान),फाबियन एलन, ज्वेल एन्ड्रयु, अकिम अगेस्ट, नवीन बिदाइस, जेडियाह ब्लेड्स, केसी कार्टी, करिम गोरे, जेसन होल्डर, आमिर जाङ्गु, काइल मेयर्स, ओबेड म्याककोय, जिशन मोटारा, रामोन सिमोन्ड्स र शमार स्प्रिङ्गर



इजरायली निकासी आदेशपछि गाजा सहरबाट विस्थापित विस्थापित प्यालेस्टिनीहरू मध्य गाजा पट्टीको नुसेरात शरणार्थी शिविर क्षेत्रको सडकहुँदै आफ्ना सामानहरू लिएर दक्षिणतिर सर्दै । *तस्बिरः एएफपी*

# अस्ट्रेलियाको नयाँ लक्ष्यः सन् २०३५ सम्ममा ६२ देखि ७० प्रतिशत उत्सर्जन कटौती

**मेलबर्न–** अस्ट्रेलियाले सन् २०३५ सम्ममा आफ्नो हरितगृह ग्यास उत्सर्जनलाई सन् २००५ को स्तरभन्दा ६२ प्रतिशतदेखि ७० प्रतिशतसम्म कम गर्ने महत्त्वाकांक्षी लक्ष्य सार्वजनिक गरेको छ । यो लक्ष्य सन् २०३० सम्ममा ४३ प्रतिशत कटौती गर्ने र २०५० सम्ममा शुद्ध-शून्य उत्सर्जन हासिल गर्ने प्रतिबद्धतासँग जोडिएको छ ।

प्रधानमन्त्री एन्थोनी अल्बानिजले आफ्नो सरकारको नयाँ योजना आगामी संयुक्त राष्ट्रसंघीय महासभामा प्रस्तुत गर्ने बताए । उनले यसलाई 'विज्ञानद्वारा समर्थित, व्यावहारिक योजनामा आधारित र प्रमाणित प्रविधिमा निर्मित जिम्मेवार लक्ष्य' भएको बताए । उनकाअनुसार यो कदम वातावरण, अर्थतन्त्र, रोजगारी र भावी पुस्ताको हितमा हुने छ ।

अल्बानिजले लक्ष्य युरोपेली संघ (इयू) सँग अनुरूप रहेको उल्लेख गरे । इयूले सन् १९९० को स्तरभन्दा ६३ प्रतिशतदेखि ७० प्रतिशतसम्म कटौती लक्ष्य विचार गरिरहेको छ । जलवायु परिवर्तन प्राधिकरणका अध्यक्ष म्याट किनले अस्ट्रेलियाको लक्ष्य 'धेरै उन्नत अर्थतन्त्रहरूभन्दा उच्च महत्त्वाकांक्षा' भएको बताए ।

तर यसबारे मिश्रित प्रतिक्रिया आएको छ । वातावरणीय समूहहरूले ७० प्रतिशतभन्दा माथिको कटौतीको माग गरेका छन् । यद्यपि, व्यापारिक निकायहरूले त्यसले अर्बौं डलरको निर्यात जोखिममा पार्ने चेतावनी दिएका छन् ।



अस्ट्रेलियन चेम्बर अफ कमर्स एण्ड इण्डस्ट्रिजका प्रमुख एण्ड्रयु म्याककेल्लरले यसलाई 'महत्त्वाकांक्षी' भने पनि ऊर्जा लागत, सुरक्षा र किफायतीपन प्रमुख चुनौती हुने बताए ।

कन्जर्भेटिभ विपक्षी लिबरल पार्टीले भने सरकार सन् २०३० को लक्ष्य नै पुरा गर्न असफल हुने भन्दै सन् २०३५ को लक्ष्यलाई 'काल्पनिक' भनेको छ । विपक्षी नेता सुसान लेले अस्ट्रेलियालीहरू प्रधानमन्त्रीप्रति निराश भएको दाबी गरे ।

ग्रिन्स नेत्री सिनेटर लारिसा वाटर्सले वास्तविक कटौती ६२ प्रतिशतमात्र हुने भन्दै यसलाई 'भयावहरूपमा कम' भने । उनले सरकार कोइला र तरलीकृत ग्यास निर्यातबारे मौन रहेको आरोप लगाए । कोइला र तरलीकृत ग्यास विश्वकै ठूलो जीवाश्म इन्धन आपूर्तिमध्ये एक हो । सरकारले भने अस्ट्रेलिया सन् २०३० को लक्ष्य हासिल गर्ने बाटोमै रहेको र सन् २०३५ को लक्ष्य व्यावहारिकरूपमा सम्भव हुने दाबी गरेको छ । *रासस⁄एपी*

# इजरायल–कतार युद्धपछि साउदी–पाकिस्तानबीच आपसी रक्षा सम्झौता

**इस्लामाबाद–** साउदी अरब र आणविक शक्ति सम्पन्न पाकिस्तानले आपसी रक्षा सम्झौतामा हस्ताक्षर गरेका छन् । सम्झौताअनुसार कुनै पनि देशमाथि भएको आक्रमणलाई दुवैमाथि भएको आक्रमण मानिने छ । यो कदम इजरायलले कतारमाथि गरेको आक्रमणपछि आएको हो ।

साउदी-पाकिस्तानबीच आर्थिक, धार्मिक र सुरक्षा सम्बन्ध लामो समयदेखि घनिष्ठ रहेको छ । पाकिस्तानको आणविक कार्यक्रमलाई रियादले आर्थिक सहयोग गरेको उल्लेख हुँदै आएको छ । विशेषतः इरानको आणविक महत्त्वाकांक्षाप्रति चासो बढ्दै गर्दा विश्लेषकहरूले वर्षौंदेखि साउदीलाई पाकिस्तानको 'आणविक छत्रछायाँ' भित्र राख्ने सम्भावनाबारे चर्चा गर्दै आएका छन् ।

सम्झौताका सन्देश स्पष्टरूपमा इजरायलतर्फ लक्षित देखिन्छ । इजरायललाई लामो समयदेखि मध्यपूर्वको एकमात्र आणविक शक्ति भएको शंका गरिन्छ । सन् २०२३ को अक्टोबर ७ मा हमास आक्रमणपछि इजरायलले इरान, लेबनान, प्यालेस्टिनी क्षेत्र, कतार, सिरिया र यमनतर्फ सैन्य कारबाही विस्तार गरेको थियो ।

सम्झौताबारे इजरायल र अमेरिका दुवैले तुरुन्तै प्रतिक्रिया दिएका छैनन् । यो खाडी अरब मुलुकले कतार आक्रमणपछि लिएको पहिलो कडा सुरक्षा कदम हो । बुधबार रियादमा युवराज मोहम्मद बिन सलमान र पाकिस्तानी प्रधानमन्त्री शाहबाज सरिफले हस्ताक्षर गरेका थिए ।



साउदी प्रेस एजेन्सी र पाकिस्तानको विदेश मन्त्रालयद्वारा जारी विज्ञप्तिमा बम वा आणविक हतियार प्रत्यक्ष उल्लेख नभए पनि भनिएको छ, 'कुनै पनि देशमाथि आक्रमण भएमा त्यसलाई दुवैमाथिको आक्रमण मानिने छ ।' सम्झौताले दुई मुलुकबीच रक्षा सहयोग विस्तार गर्ने र संयुक्त प्रतिरोधलाई सुदृढ पार्ने दाबी गरिएको छ ।

ऐतिहासिक रक्षा सम्बन्ध

साउदी र पाकिस्तानबीचको सुरक्षा सम्बन्ध दशकौं पुरानो हो । सन् १९६० को दशकको अन्त्यमा यमन युद्धका कारण पाकिस्तानी सैनिकले साउदी भ्रमण गरेका थिए । सन् १९७९ को इरानी इस्लामिक क्रान्तिपछि ती सम्बन्ध अझ गहिरिएका हुन् ।

पाकिस्तानले भारतको आणविक क्षमताको प्रतिरोधका लागि आफ्नै बम कार्यक्रम विकास गरेको छ । दुई मुलुकबीच पटक-पटक युद्ध भइसकेको छ । यसै वर्ष अप्रिलमा काश्मीरमा आक्रमणपछि भारत-पाक तनाव युद्धस्तरमा पुगेको थियो । भारतको विदेश मन्त्रालयले पनि सम्झौतामा गहिरो चासो व्यक्त गर्दै यसले क्षेत्रीय र वैश्विक स्थिरतामा असर पार्ने चेतावनी दिएको छ । पाकिस्तानी लेखक एवं पूर्वब्रिगेडियर फिरोज हसन खानले आफ्नो पुस्तक 'इटिङ ग्रासः द मेकिङ अफ द पाकिस्तानी बम' मा साउदीले 'उदार आर्थिक सहयोग' गरेको उल्लेख गरेका छन् । विकिलिक्सद्वारा सार्वजनिक सन् २००७ को अमेरिकी कूटनीतिक केबलमासमेत साउदी अधिकारीहरूले पाकिस्तानसँग हतियार कार्यक्रमबारे सोचिरहेको खुलासा भएको थियो ।

तर दुवै देशले सम्झौता इस्लामाबादको आणविक शस्त्रागार विस्तारसँग जोडिएको हो कि होइन भन्नेबारे केही बताएका छैनन् ।

साउदीको आणविक आकांक्षा

सन् २०२३ मा हमासको आक्रमणअघि इजरायलसँग सम्भावित सम्बन्ध सामान्यीकरण वार्ताका क्रममा साउदीले अमेरिकी सहयोगमा नागरिक आणविक ऊर्जा कार्यक्रमअघि बढाउने माग गरेको थियो । यसले युरेनियम सम्वर्द्धनको अनुमति दिन सक्छ, जसले भविष्यमा हतियार निर्माणको ढोका खोल्ने चिन्ता उठाइएको छ । युवराज मोहम्मदले इरानसँग आणविक हतियार भए साउदीले पनि त्यसको खोजी गर्ने चेतावनी दिएका थिए ।

साउदी अरबसँग घरेलु ब्यालेस्टिक मिसाइल कार्यक्रम भएको विश्वास गरिन्छ तर आणविक अप्रसार सन्धिको सदस्य भएकाले आफ्नै प्रयत्नले बम विकास गरिरहेको प्रमाण सार्वजनिक भएको छैन । सम्झौताअघि इरानले वरिष्ठ राजनीतिज्ञ अली लारिजानीलाई रियाद पठाएको थियो । सन् २०२३ मा चीनको मध्यस्थतामा दुवै मुलुकबीच सम्बन्ध सुधारिएको पृष्ठभूमिमा यसले नयाँ क्षेत्रीय समीकरणलाई झल्काएको विश्लेषकहरूको भनाइ छ । *रासस⁄एपी*

# शेख हसिना परिवारको एनआइडी 'ब्लक' आगामी चुनावमा मतदान गर्न नपाउने

**ढाका–** बंगलादेश निर्वाचन आयोगले पूर्वप्रधानमन्त्री शेख हसिना र उनका परिवारका सदस्यहरूलाई आगामी वर्ष फेब्रुअरीमा हुने राष्ट्रिय चुनावमा मतदान गर्न नपाउने घोषणा गरेको छ ।

'आगामी संसदीय चुनावले देशभित्र र विदेशमा दुवै मतदानको सुविधा दिने छ । विदेशमा रहेका बंगलादेशीहरूले अनलाइन दर्ता गर्नुपर्ने छ, जसका लागि हाल नयाँ प्रणाली विकास भइरहेको छ,' निर्वाचन आयोग (इसी) का वरिष्ठ सचिव अख्तर अहमदले बुधबार भने । उनका अनुसार प्रवासीहरूले पासपोर्ट नभई, आफ्नो एनआइडी प्रयोग गरेरमात्र अनलाइन दर्ता गर्न सक्ने छन् । जसको एनआइडी ब्लक गरिएको छ, उनीहरूले अनलाइन दर्ता गर्न पाउने छैनन् र दर्ता गर्न सक्नेहरूलाई मात्र मतदान गर्ने अधिकार हुने छ ।



दैनिक युगान्तोरका अनुसार निर्वाचन आयोगले गत फेब्रुअरी १६ मा शेख हसिनासहित उनका १० जना परिवारका सदस्यको एनआइडी अवरुद्ध गरेको थियो । ब्लकमा परेकामध्ये उनका छोरा सजीब वाजेद जोय, छोरी साइमा वाजेद पुतुल, बहिनी शेख रेहाना, भतिजीहरू ट्युलिप रेजवाना सिद्दीकी र अजमिना सिद्दीकी, साथै भतिजा रादवान मुजीब सिद्दीकी पनि छन् । शेख हसिना विदेशबाट मतदान गर्न पाउने हो कि भन्ने प्रश्नमा सचिव अहमदले भने, 'उनको एनआइडी अवरुद्ध छ । त्यसैले उनले मतदान गर्न सक्नुहुने छैन ।'

पूर्वप्रधानमन्त्री हसिना गत वर्ष अगस्ट ५ मा विद्यार्थी नेतृत्वको विद्रोहपछि देश छोडेर भारतमा शरण लिन पुगेकी थिइन् । त्यसपछि नोबेल पुरस्कार विजेता मुहम्मद युनुसको नेतृत्वमा अन्तरिम सरकार बनेको हो । युनुसले फेब्रुअरीमा राष्ट्रिय चुनाव हुने घोषणा गरिसकेका छन् । गत अगस्टमा प्रमुख सल्लाहकारको कार्यालयले निर्वाचन आयोगलाई सन् २०२६ फेब्रुअरीमा रमजान सुरु हुनुअघि चुनाव सम्पन्न गर्न सबै तयारी पूरा गर्न निर्देशन दिएको थियो । मुख्य सल्लाहकारका प्रमुख सचिव एम सिराज उद्दीन मियाले मुख्य निर्वाचन आयुक्तलाई पठाएको पत्रमा निर्धारित समयमा स्वतन्त्र, निष्पक्ष, शान्तिपूर्ण र उत्सवपूर्ण निर्वाचन सम्पन्न गर्न आवश्यक सबै कदम चाल्न आग्रह गरेका थिए । *रासस⁄एएनआई*

# शाही स्वागतपछि ट्रम्प–स्टार्मर भेट



**लण्डन–** शाही स्वागतपछि अब राजनीति केन्द्रमा आएको छ । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले बिहीबार बेलायती प्रधानमन्त्री किर स्टार्मरसँग भेट गरेका छन् । भेटमा प्राविधिक लगानी, इस्पात शुल्क र जटिल कूटनीतिक मुद्दाहरूको एजेण्डामा छलफल गरेका छन् ।

बुधबार विण्डसर क्यासलमा राजा चार्ल्स तृतीय र रानी क्यामिलाले ट्रम्प दम्पतीलाई सुनौलो गाडी, तोप सलामी र भव्य भोजसहित राजकीय सम्मान गरेका थिए । बेलायती अधिकारीहरूले यो भ्रमणलाई 'अभूतपूर्व' भन्दै अमेरिकी राष्ट्रपतिको दोस्रो राजकीय भ्रमणका रूपमा विशेष गौरवका साथ मनाए ।

ट्रम्पलाई १६औं शताब्दीको ऐतिहासिक चेकर्स म्यानर हाउसमा स्टार्मरले स्वागत गरेका छन् । यहाँ पूर्णऔपचारिक गार्ड, स्कटिश परम्परागत ब्यागपाइपर र चर्चिलसँग सम्बन्धित अभिलेख प्रदर्शन गरिएको छ । भोजमा डोभर सोल, लाइम पाई र प्यारासुट टोलीको प्रस्तुति रह्यो ।

स्टार्मरका लागि यो भ्रमण घरेलु राजनीतिक संकटबीच आएको हो । उपप्रधानमन्त्री एन्जेला रेनरले कर विवादमा राजीनामा दिनुभएको छ भने सरकार सुस्त अर्थतन्त्रका कारण दबाबमा छ । विश्लेषकहरूले यो भ्रमण ट्रम्पभन्दा स्टार्मरका लागि कठिन हुने बताएका छन् । एपस्टिन प्रकरणसम्बन्धी प्रश्न पनि सम्भावित चुनौती मानिएको छ । केही दिनअघि मात्र राजदूत पिटर म्याण्डल्सनलाई एपस्टिनसँगको सम्बन्धका कारण पदबाट हटाइएको थियो । *रासस⁄एपी*


## वर्गीकृत विज्ञापन संकलन काउन्टर

**पशुपति विज्ञापन सेवा – सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८र९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reach-mond Books Shop (रोहित दाहाल) – फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी – नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल – फोन नं. ९८५११२९६८६ । ज्ञाञ्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी – लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. – पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी-विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी – पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफचाक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।**

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – २१५२०० | प्रति तोला – ० | प्रति तोला – २५२० |



अर्थको रङ्गरोगन | जेनजी आन्दोलनका क्रममा क्षति पुगेको सिंहदरबारस्थित अर्थ मन्त्रालयमा रंङ्गरोगन हुँदै । *तस्बिरः गोपाल दाहाल/रासस*

## 'चुनावका लागि दातृ निकायको मुख ताक्नुपर्दैन'

■ प्रभाव संवाददाता



**काठमाडौं–** अर्थमन्त्री रामेश्वरप्रसाद खनालले आगामी फागुन २१ मा हुन लागेको प्रतिनिधिसभा सदस्यको चुनावलाई आवश्यक बजेटका लागि दातृ निकाय वा छिमेकीको मुख ताक्नुपर्ने अवस्था नरहेको बताएका छन् ।

नेपाल आर्थिक पत्रकार समाज (सेजन)को नवनिर्वाचित कार्यसमितिसँगको बिहीबार भएको भेटमा उनले चालू आर्थिक वर्षको बजेटमा आयोजना बैंकमा प्रविष्ट नगरेका एक हजार तीन सयभन्दा बढी आयोजना फेला परेको र ती आयोजनाका लागि विनियोजित करिब रु एक खर्ब १० अर्ब भेटिएको जानकारी दिए ।

त्यस्तै, चालू बजेटमा राखिएका गोष्ठी, बैठकलगायत विभिन्न शीर्षकको करिब रु १२ अर्ब निकाल्न सकिने उनले बताएका छन् । काम सुरु नभएका आयोजना पहिचान गरेर बजेट निकालिने उनले बताए । 'विशेषगरी त्यस्ता योजनाको बजेट निकालिँदैछ, जुन योजनामा बजेट राखेपछि खर्च हुँदैनथ्यो', उनले भने ।

अर्थमन्त्री खनालका अनुसार सरकारले निर्वाचनका लागि विनियोजन भएर बाँकी भएको रकम पुनःनिर्माणमा लगाउने तयारी छ । सरकारको प्रमुख लक्ष्य नै निर्वाचन भएको र यसअघि तीन तहको चुनाव गराउन रु २५ अर्ब खर्च भएको हुनाले यसपटक त्योभन्दा कम बजेट खर्च हुनसक्ने उनको आंकलन छ । तर, सुरक्षालाई उच्च प्राथमिकतामा राख्नुपर्ने र कतिपय पालिकाका भवन जलेका कारण बजेट बढ्नसक्ने खनालको भनाइ छ ।

मन्त्रिपरिषद्ले अहिले नै निर्वाचन आयोगलाई परेको अप्ठ्यारो फुकाउनका लागि सबै काम गरिरहेको अर्थमन्त्रीले जानकारी दिए । 'आयोगले आवश्यक तयारी टुंग्याउनेबित्तिकै अर्थ मन्त्रालयले बजेटको व्यवस्था गर्नेगरी तयारी गर्नेछ', उनले भने ।

मन्त्री खनालले अर्थ मन्त्रालयले तयार गरेको 'बिजनेस रिकभरी प्लान' मन्त्रिपरिषद् बैठकमा लैजाने तयारी भइरहेको जानकारी दिए । 'पुनरुउत्थान योजना (रिकभरी प्लान) मा सरकारको मात्र नभएर सबैको संलग्नतामा तयार भएको छ', उनले भने ।

उनका अनुसार यो योजनाअनुसार एउटा कोष स्थापना गरिने र कोषले ज्यान गुमाएका परिवारलाई गर्नुपर्ने थप सहयोग गर्ने, सार्वजनिक संरचनाको पुनःनिर्माणमा खर्च हुने र निजी क्षेत्रको ध्वस्त भएका संरचनामा आवश्यक सहायता दिने काम हुनेछ ।

'निजी क्षेत्रलाई कोषबाटभन्दा पनि संरचना निर्माण गर्न आवश्यक सामान आयात गर्दा लाग्ने भन्सारमा छुट दिनेलगायत काम गरेर सहायता गरिनेछ', मन्त्री खनालले भने ।

निजी क्षेत्रसँगको भेटघाटमा मनोबल उच्च पाएको र चाँडै अझ सशक्त भएर अघि बढ्न प्रतिबद्धता गरिरहेको जानकारी अर्थमन्त्री खनालले गराए । मन्त्री खनालले उद्योगी व्यवसायी र उनीहरूको आफ्नो प्रतिष्ठानमा, व्यवसायमा क्षति पुगेको र त्यसलाई कुनै न कुनै तरिकाबाट सहुलियत दिएर फेरि उठ्ने वातावरण बनाइने प्रतिबद्धता पनि जनाए ।

अर्थमन्त्री खनालले तत्काल सरकारको प्राथमिकता आम नागरिकमा आत्मविश्वास जगाउने र घाइते परिवारलाई उपचार अनि ज्यान गुमाएका परिवारलाई आर्थिक सहायता अथवा क्षतिपूर्ति उपलब्ध गराउने काम भइरहेको उल्लेख गरे । आन्दोलनबाट भएको भौतिक क्षतिको आँकडा संकलन गर्नका लागि सहरी विकास मन्त्रालय, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण जेएनका प्रतिनिधि र अन्य निकायबीच टोली बनाएर काम थालिएको उनले बताए । खनालका अनुसार सार्वजनिक निकाय र संरचनाको पुनर्निर्माण गर्न बजेटबाटै रकम निकाल्नुपर्नेछ र पुगेन भने 'क्राउड फन्डिङ'मार्फत जम्मा गरेर निर्माण गरिनेछ । त्यसका लागि तयारी पूरा भइसकेको जानकारी मन्त्री खनालले दिए ।

## 'अर्थतन्त्रको विकासका लागि राजनीतिक स्थायित्व र लगानीमैत्री वातावरण आवश्यक'

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल राष्ट्र बैंकका गभर्नर डा. विश्वनाथ पौडेलले मुलुकको अर्थतन्त्रको विकासका लागि राजनीतिक स्थायित्व, लगानीमैत्री वातावरण, निजी क्षेत्रको मनोबलमा अभिवृद्धि आवश्यक भएको बताएका छन् । उनले व्यवसायी जोगाउनका लागि अर्थतन्त्रको प्रणालीमै सुधार जरुरी रहेको समेत स्पष्ट पारे ।

नेपाल आर्थिक पत्रकार समाज (सेजन)को नयाँ कार्यसमितिलाई स्वागत गर्ने क्रममा उनले कतिपय अवस्थामा कानुन स्पष्टता नहुँदा काम गर्न समस्या भएको उल्लेख गर्दै कानुनको भावअनुसारको स्पष्टता हुनु जरुरी भएको उल्लेख गरे ।

मुलुकमा पछिल्लो समय उत्पन्न परिस्थितिबाट अगाडि बढ्ने क्रममा आइपर्ने समस्या समाधानका लागि पनि कानुनी स्पष्टता जरुरी रहेको उनको भनाइ थियो । 'कानुनको स्पष्टता सबै क्षेत्रमा आवश्यक पर्छ, विशेष गरी पत्रकारहरूले समाचार लेख्ने क्रममा कानुनको व्याख्या राम्रो नभए भने गलत सन्देश जाने जोखिम हुन्छ, यसमा सबै सचेत हुनुपर्छ', उनले भने ।

जेनजी प्रदर्शनका क्रममा क्षतिग्रस्त संरचनाको पुनःनिर्माणका लागि स्रोतको अभाव नहुने उनको भनाइ थियो । 'पुनःनिर्माणका लागि ठूलो स्रोत आवश्यक छ, यद्यपि त्योभन्दा महत्वपूर्ण विषय सुशासन र प्रशासनिक कार्यक्षमतामा सुधार हो', उनले भने ।

प्रदर्शनका क्रममा निजी क्षेत्रमाथि पनि आक्रमण हुनुले व्यवसायीमा चिन्ता थपिए पनि अब निजी क्षेत्रको मनोबल उच्च बनाउँदै अगाडि बढ्नुको विकल्प नभएको उनको भनाइ थियो । 'प्रदर्शनका क्रममा कैयौँ निजी व्यापारिक भवनमा क्षति पुगेको छ, तर अब हाम्रो प्राथमिकता स्वदेशमा लगानीको वातावरण निर्माण गरी विदेशी लगानी आकर्षित गर्नमा हुनुपर्छ, त्यसैले सुरुमा स्वदेशको लगानीलाई यहीँ रोक्ने वातावरण बनाउन सकियो भने अर्थतन्त्रमा गतिशिल हुन लामो समय लाग्दैन', गर्भनर पौडेलले भने ।

## इप्पानद्वारा जलविद्युत कम्पनीका शेयर निष्काशन गर्न माग

■ प्रभाव संवाददाता

**काठमाडौं–** धितोपत्र बोर्ड नेपाल (सेबन) ले शेयर निष्काशन गर्न ढिलाइ गर्दा ऊर्जा क्षेत्रका लगानीकर्ताले मात्र रु एक खर्ब आठ अर्ब ५० करोड गुमाएको स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था, नेपाल (इप्पान) ले दाबी गरेको छ । बिहीबार इप्पानले सेवनलाई पठाएको पत्रमा शेयर निष्काशन गर्न ढिलाइ हुँदा लगानीकर्ताले सो रकम गुमाएको उल्लेख छ ।

इप्पानका अनुसार विसं २०८० जेठपछि आईपीओ र राइट शेयर निष्काशनमा ढिलाइ गर्दा ९७५ मेगावाट बराबरका आयोजना निर्माण गरिरहेका ४३ वटा आईपीओ र ७ राइट शेयर गरी ५० कम्पनीले निर्माण अघि बढाउन नसक्दा यति धेरै रकम गुमाउनुपरेको हो ।

सेवनलाई पठाएको पत्रमा गरी ५० कम्पनीको समयमै शेयर जारी नहुँदा २३ अर्ब २७ करोड आठ लाख बराबरको निष्काशन हुन नसकेको तथा समयमै जारी नभएको कारण १२ अर्ब ४० करोड ५४ लाखको ब्याज रकम बढेको, २४ अर्ब ३० करोड ६७ लाख लागत बढेको र ७१ अर्ब ७८ करोड ८१ लाख राजस्व आम्दानी गुमाउनु परेको उल्लेख छ ।

सेबनमा अध्यक्ष नियुक्ति नभएको तथा कुनै पनि कानुनमा नभएको शेयर निष्काशनका लागि ९० प्रतिशतभन्दा बढी नेटवर्थ हुनुपर्ने लगायतका कारण देखाउँदै सेबनले शेयर निष्काशनमा ढिलाइ गर्दै आएको इप्पानको भनाइ छ । इप्पानले यस अवधिमा १० कम्पनीलाई मात्र आईपीओका लागि सेबनले अनुमति दिएको छ भने ११ कम्पनीलाई राइट शेयरका लागि अनुमति दिएको जानकारी गराएको छ ।

इप्पान अध्यक्ष गणेश कार्कीले आईपीओको लागि आवेदन दिएर कुरिरहेको र आवेदकबाट हटाइएका लागि पुनः सहभागी गराई ती कम्पनीको तुरुन्तै आईपीओ जारी गर्न तथा उत्पादनपछिको आईपीओ निष्काशन गर्नुपर्ने बताए । आयोजनाको निर्माणमा धेरै ठूलो रकम लगानी चाहिने तथा धितोपत्र निष्काशनसम्बन्धी नियमावलीले ६० प्रतिशत निर्माण पूरा भएपछि आइपीओको लागि आवेदन दिन सक्ने व्यवस्था गरेको छ ।

जलविद्युत् प्रवर्द्धकले आयोजनाको लागत कम गर्नको लागि वित्तीय व्यवस्थापन गर्दा नै आइपीओबाट आउने रकम घटाएर बैंक ऋण लिने व्यवस्था रहेकोले निर्माणाधीन अवस्थामै आईपीओ जारी गर्ने व्यवस्था गर्न पनि इप्पानको माग छ । उनले भने, 'ऊर्जा क्षेत्रको लागि निर्माणाधीन अवस्थामै सर्वसाधारणको शेयर जरुरी हुने व्यवस्था गरिएकोमा उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोगको प्रतिवेदनको आधारमा भन्दै स्पष्ट कानुनी तथा नीतिगत व्यवस्थाबिनै विद्युत् उत्पादन सुरु नगरेसम्म आईपीओको निवेदन नै नलिने नीति कार्यान्वयन गर्नु गलत र गैरकानुनी भएको छ ।'

एक जिम्मेवारी नागरिक र ऊर्जा उत्पादकको नाताले ऊर्जा क्षेत्रलाई जिम्मेवारी र थप उत्तरदायी बनाउनका लागि मिति २०८० साल भदौ २४ गते मा धितोपत्र बोर्ड र इप्पानबीच संस्थागत सुशासन अभिवृद्धि गर्ने, ऊर्जा क्षेत्रलाई अझ व्यवस्थित र मर्यादित बनाउनुका साथै जनताको गुनासा र सरोकारलाई सम्बोधन गर्ने उद्देश्यले १२ बुँदे समझदारी भएको थियो ।

पत्रमा भनिएको छ,'तर बत्ती नबलिञ्जेलसम्म शेयरको लकिङ पेरियड नखोलिने, राइट शेयर जारी गर्नका लागि सहयाक कम्पनीले पीपिए र वित्तीय व्यवस्थापन गरिसकेको हुनुपर्ने, आईपीओ जारी गर्नका लागि ६५ प्रतिशत निर्माण पूरा भइसक्नुपर्ने जस्ता संस्थागत सुशासनप्रति इप्पान प्रतिबद्ध रहेको उल्लेख गरिएको छ ।'

## नेगेटिभ सर्किट लागेपछि नेप्से बन्द

■ प्रभाव संवाददाता

**काठमाडौं–** धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक छ प्रतिशतले ओरोलो लागेपछि बिहीबारका लागि बजार बन्द भएको छ ।

कारोबार सुरु भएलगत्तै बजार ओरालो लाग्न थालेको थियो । बजार खुलेको दुई मिनेटमै नेप्से परिसूचक चार प्रतिशतले ओरालो लागेको थियो । बजारमा छोटो समयमा नकारात्मक सर्किट लागेको थियो । नेपाल स्टक एक्सेचञ्ज लिमिटेडले बजार २० मिनेट बन्द गरेर पुनः खोलेपछि ११: २३ मा पुनः दोस्रो सर्किट लाग्यो ।

त्यसबेला बजार पाँच प्रतिशतले ओरालो लागेको थियो । दोस्रो सर्किट लागेपछि पुनः ४० मिनेट कारोबार बन्द गरियो । पुनः नेप्सेले १२:०४ मा बजार खुला गर्दा नेप्से परिसूचक छ प्रतिशतले ओरालो लाग्यो । तेस्रो सर्किट लागेसँगै आजको कारोबार बन्द भएको हो ।

नेप्सेको अनुसार नेप्से परिसूचक १६० दशमलव ३३ अङ्कले ओरालो लागेर दुई हजार पाँच सय ११ दशमलव ९१ मा सीमित भएको छ । सीमित समयमा कूल ७२ करोड ८७ लाख दुई हजार ८३० बराबरको कारोबार भएको छ । भदौ २३ र २४ को विषम परिस्थितिका कारण बन्द भएको बजार बिहीबार खुलेको थियो ।

## हिमालयन एभरेष्ट इन्स्योरेन्सको दावी भुक्तानी सुरू

**काठमाडौं (प्रस)–** हिमालयन एभरेष्ट इन्स्योरेन्सले क्षति पुगेका सम्पत्तिको दावी भुक्तानी दिने प्रक्रिया सुरु गरेको छ ।




जेन-जी आन्दोलनका क्रममा भएका क्षतिको दावी गरेका बीमितिहरूलाई भुक्तानी दिने प्रक्रिया सुरु गरेको हो । विषम परिस्थितिलाई ध्यानमा राख्दै बीमितको सुविधाका लागि शीघ्र भुक्तानी प्रक्रिया थालेको हिमालयन एभरेष्ट इन्स्योरेन्सले जनाएको छ ।

बीमा दाबीका लागि आवश्यक कागजात र प्रक्रिया पुर्‍याई आफूलाई पायक पर्ने शाखामा सम्पर्क गर्न हिमालायन एभरेष्ट इन्स्योरेन्सले अनुरोधसमेत गरेको छ । दाबी विभागका प्रमुख रोजराज लुइँटेलले बीमासम्बन्धी आवश्यक सेवा र दावी प्रक्रियामा सहजताका लागि ग्राहकको समन्वयमा रहि पूर्ण सहयोग गर्ने प्रतिबद्धतासमेत व्यक्त गरेका छन् । दाबी प्रक्रियाको सहजताका लागि केन्द्रीय र प्रादेशिक कार्यालयमा समेत सम्पर्क गर्न सकिनेछ ।

आन्दोलनका क्रममा ज्यान गुमाएका सहिदहरूप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै कम्पनीले घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामनासमेत गरेको छ ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित **मुद्रण:** एक्प्रेस कलर प्रेस, **कार्यालय:** काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, **विज्ञापनका लागि:** marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक:** कृष्ण कार्की, **सम्पादक:** विष्णु तामाङ